# नेपाली

(त्रैमासिक)

२०६७ माघ, फागुन र चैत पूर्णाङ्क २०६

## मदन पुरस्कार पुस्तकालयको अनुरोध

१. आफ्नो सहर, जिल्ला अथवा गाउँमा कुनै नयाँ पुस्तक, पत्रिका निस्केको थाहा पाउनुभएको छ भने पुस्तकालयलाई सूचना दिइहाल्नोस् ।

२. नि:शुल्क वितरण हुने प्रकाशन (किताब, बुलेटिन, बुकलेट, पर्चा आदि) जे पाउनुहुन्छ, पुस्तकालयलाई सम्झेर पठाइदिनुहोस् ।

३. यस पुस्तकालयलाई नेपाली भाषा र साहित्यको आधिकारिक सङ्ग्रहस्थल बन्न सहयोग गर्नुहोस् ।

४. अब त हामी 'इन्टरनेट'मा पनि पसेका छौँ । हाम्रो 'वेबसाइट' *www.madanpuraskar.org* बाट हामीकहाँ सङ्कलित पुस्तक तथा पत्रिकाहरूको सूची हेर्न सकिने छ । तर त्यो सजिलोसँग हेर्न भने आफ्नो कम्प्युटरमा 'नेपाली युनिकोड' जडेको हुनुपर्छ । त्यहाँ हेर्दा यहाँ नभएका तपाईंहरूका केही पुस्तकहरू भेटिए हामीलाई पठाइदिनुहोस् । हामी तत्काल तिनलाई सूचीकृत गर्ने छौँ ।

५. हाम्रो ठेगाना हो–

मदन पुरस्कार पुस्तकालय, पोस्ट बक्स नं. ४२
श्रीदरबारटोल– ४४७०२, ललितपुर, नेपाल ।
फ्याक्स नं.– (+९७७)-१-५५३६३९०
इमेल- *info@mpp.org.np*

**– पुस्तकालयाध्यक्ष**

## मदन पुरस्कार पुस्तकालयको पाना

### रक्षमाला बनाउँदा

यो काजगमा तिथिमिति पनि छैन, कुनै नामनमेसी पनि छैन। नेपाली कागज एक फर्दा (पाना) छ, २१x३३ सेन्टिमिटरका कुनै महत्त्वपूर्ण कुरो पनि केही हो जस्तो पनि लाग्दैन हेर्दा त। यस्तो मामुली कागजलाई यति मान गरेर मपुपुको पानामा किन हाल्नु परेको हो त सम्पादकले? प्रश्न उठ्न सक्छ पढ्नेहरूलाई। सम्पादक या यो क.दी.ले चित्त बुज्दो जवाफ दिन सक्दैन, पक्का हो। तर, विचार गरूँ। यस कागजको पहिलो शब्दको नै विश्लेषण गरिहेरूँ। पूरा वाक्यांश "रक्षमाला बनाउँदाको खर्च"को पहिलो शब्द छ 'रक्षमाला' यो रक्षमाला भनेको के हो? अचेल प्रयोगमा नआउने हुनाले होला, हेमाङ्गराजको "प्रयोगात्मक नेपाली शब्दकोश"मा त यो शब्द नै दिइएको छैन। प्रज्ञाप्रतिष्ठानको बृहत् शब्दकोशमा भने यो भेट्टाइन्छ। अर्थ दिएको छ– "भूत, प्रेत, रोग, बालग्रह इत्यादिबाट केटाकेटीको सुरक्षाका लागि घाँटीमा बाँधिने बुटी" बुझियो होला, डाक्टर र बाथ रोग विशेषज्ञहरू नभएका अवस्थामा साना केटाकेटीहरूलाई बचाउने कुरो थियो, नेपालमा रच्छेमाला। या रक्खेमाला पनि भनिन्थ्यो। गरिब नेपाली घरमा, बाघका नङ्ग्रा, बँदेलका दाह्रा, कौडाहरू जडेर यस्ता रच्छेमालाहरू बनाइन्थे तर धनीका बालबच्चालाई रक्षा गर्न नवै ग्रहलाई भित्र्याइन्थ्यो नौरत्नका रूपमा, अनि रक्षमालामा नवरत्न जडिन्थे। यही बताउँछ यो फर्दा कागजले हामीलाई। यति गहकिलो कुरा उकेल्छ यसले। तिथिमिति नभए पनि यस पत्रले अब मपुपुमा स्थान पायो भने के अचम्म!

यति गन्थन गरेपछि भनूँ। मदनशमशेरकी आमा, महारानी बालकुमारीदेवीको खर्च उधिन्दा पुराना कागजपत्रको डङ्गुरमा कतै दबिएको थियो यो एक्लो चिर्कटो। त्यसबाट मपुपुमा आइपुगेको हो। भनेपछि यो 'रक्षमाला' उनै महारानीसँग सम्बन्धित हुनुपर्छ। तर यो रक्षमाला उनका चार सन्तान (३ छोरा १ छोरी) का लागि बनाइएको हुन सक्दैन। किनभने यस कागजको पेटबोलीमा परेका दुई नामको विचार गर्दा महारानीका सन्तान त्यसबेला रक्षमाला लाउने उमेरभन्दा

*(बाँकी पृष्ठ ४८ मा)*

# श्री ३ महाराज चन्द्रशमशेर जङ्गबहादुर राणा

– भरतमणि आ.दी.

*['नेपाली'ले पूर्णाङ्क २, २०१८ सालमा काशीनाथ आ.दी.को '४२ साल' भन्ने एउटा संस्मरण छापेको थियो। त्यो संस्मरण मात्र थिएन उनको आत्मकथाकै एउटा अंश थियो। पछि त्यो समग्र किताप छापियो 'भएका कुरा' भन्ने नामले। ऐले त्यस लेखको स्मरण किन गर्नुपर्‍यो भने तिनै काशीनाथका माहिला छोरा भरतमणिले लेखेको त्यस्तै एउटा आत्मकथात्मक निबन्ध फेला पर्‍यो ऐले उस्तै प्रकारका राणकालीन इतिहास बोकेको। र यसलाई पनि उनका बुबाको लेख छापिएको ठीक पचास वर्षपछि 'नेपाली' मा किन प्रकाशित नगर्ने? भन्ने विचार गरेर यसपटक यहाँ हालिएको छ।*

*बुबा काशीनाथकै झैँ भरतमणि आदीको पनि आत्मकथा छ। तर त्यो ज्यादै विशद बृहदाकार भएकाले उनकै जीवनकालमा त्यसलाई सम्पादन गरी अलि संक्षिप्त रूपको निकाल्ने भनी जगदम्बा प्रेसले जमर्को गरेको थियो २०२० सालतिर। त्यो सम्पादन गर्ने जिम्मा कृष्णप्रसाद पराजुलीलाई दिइएको थियो। करिब छ महिना लगाएर पराजुलीजीले त्यो 'आत्मकथा'लाई संक्षिप्त पारिदिएका पनि हुन्। तर लेखकलाई आफ्ना कतिपय महत्त्वपूर्ण अभिव्यक्ति हटाइदिएको भनेर त्यो संक्षिप्त रूप मन परेन र प्रकाशनको काम रोकियो। अनि आत्मकथाको मूल रूप पनि र त्यो सम्पादित कृति पनि लेखकलाई नै बुझाएको थियो जगदम्बा प्रकाशनले। त्यसपछि चन्द्रशमशेर सम्बन्धी मात्र छोटो संस्मरण लेखिदिन 'नेपाली'ले आग्रह गर्दा २०२६/२७ सालमा लेखिएको लेखोट हो। पञ्चायतको त्यो पनि महेन्द्रकालीन पञ्चायतको बेला भएकाले 'नेपाली'ले त्यो छापिहाल्ने आँट गरेन र त्यो लेखोट कापी त्यसै थन्किएको थियो। अब, अहिले देशमा गणतन्त्र आएपछि चन्द्रशमशेरको चर्चा त इतिहास वार्ता हुन्छ भन्ने ठानी पस्केका हौँ। यस लेखले धेरैलाई रिझाउन सक्ने छैन किनभने ऐले पनि राणाकालीन धङधडीबाट हामी मुक्त हुन सकेका छैनौँ र यसमा उल्लिखित कतिपय कुराले सम्बन्धित व्यक्तिका सन्ततिलाई 'नाराज' तुल्याउन सक्छ। 'नेपाली' त्यस हिसाबले निष्पक्ष*

*रहन चाहन्छ। तर त्यति हुँदाहुँदै पनि भरतमणि आदीको "चन्द्रभक्ति" अलि बढ्तै लाग्छ यसका सम्पादकलाई पनि, अलि 'पच्दैन'। भए पनि 'नेपाली' त्यस मामलामा निरपेक्ष रहन्छ, इतिहासको एक कालखण्डको, एकतर्फा नै भए पनि, इतिवृत्त हो यो भन्नेमा ढुक्क भै हामीले यो छापेका छौँ। – सम्पादक]*

श्री ३ महाराज चन्द्रशमशेर जङ्गबहादुर राणालाई नेपालका निमित्त राजदूतमा रहेका कर्नेल, वाइलीजी तिनताका रेजिडेन्ट कहलाइन्थे सन् १८९१ मा श्री ३ महाराज वीरशमशेर जङ्गबहादुर राणाका साथमा काशी विश्वनाथको दर्शन गर्न जान लागेको बखत मुकामा स्टेसनमा स्पेसल ट्रेन रोकिएको थियो। श्री ३ चन्द्रले रक्सी पिएर लरखराइरहेको देखेर रेजिडेन्ट वाइलीले चन्द्रको २ कुममा २ हात राखेर "नेपालको सुप्रबन्ध गर्ने खालको तिमी एक जना थियौ। तिम्रो पनि यो चाला?" भने छन् र भोलिपल्ट काशी पुगी गङ्गाजीमा हात डुबाई "रन्डी र रक्सी यी दुई थोकको सेवन आजदेखि मैले गर्ने छैन" भनी प्रतिज्ञा गरेछन्। यो कुरा श्री ३ चन्द्रले सन् १९२२ तिर म कौनसेलर भएको बेलामा श्री ३ कहाँ बैठकमा बसेको थिएँ, त्यसबेलाका युवकहरूलाई सावधान गराउन भनेर उनले सबिस्तार उपर्युक्त व्याख्या गरेका हुन्।

हुन पनि श्री ३ महाराज देवशमशेर अयोग्य ठहरेकाले बुद्धिपूर्वक सङ्गठन गरेर अफ्रिकी जङ्गलको मदोमत्त मत्ता हात्ती भन्दा पनि अनन्त शक्तियुक्त भएको नेपालको प्रधानमन्त्रीलाई एक मुसोलाई समातेझैँ गरेर पक्री, एक थोपा रगत नबगाई, जहाँ प्रधानमन्त्रीको गाथ गद्दी उपर लाई जाइलाग्ने कुनै शक्तिशाली पनि बाँचेर उम्कन नसक्ने व्यवस्था भएको ठाउँमा, यावत् समस्याहरूलाई पूर्ण नियन्त्रणमा गराई विजयी भएर श्री ३ महाराज हुन सक्ने बुद्धिमत्ताको र सुदूरदर्शिताको वर्णन जति गरे पनि थोरै हुन्छ।

महाराज चन्द्र एक असाधारण व्यक्ति थिए। उनी पूर्णनीतिज्ञ, कर्तव्यनिष्ठ र न्यायप्रिय थिए। उनको निर्णय प्राय: अकाट्य हुन्थ्यो। उनी थोरै कुराले धेरै बुझ्ने शक्ति राख्दथे। मानिसको पारख गर्ने शक्ति उनमा ज्यादै स्तुत्य थियो। साहसमा, पराक्रममा उनी

कस्ता थिए भन्ने प्रश्नको उत्तरमा माथिका विवरणहरूबाटै सबै स्पष्ट भएकै छ। उनले बोलेको खेर जाँदैनथ्यो।

यी सबै कुरा मैले उल्लेख गर्न सकेको कुराहरू मेरै विषयमा घटेको घटनाहरूले गर्दा मैले लेख्न सकेको हुँ, जो कुरा हो तल उल्लेख गर्दछु :–

"मलाई काशीमा राखेर पढाउँदा गार्जियन ट्युटर गराई नेपाली खपडा चौक काशीका निवासी मास्टर लक्ष्मीनारायण खत्री उर्फ "जयशंकर" जीलाई राखेको थियो। यिनलाई भारतबाट अङ्ग्रेजहरूलाई निकाल्नै पर्छ भन्ने भावले सदा चिन्तित गराएको हुन्थ्यो। उनी हमेसा हामी १०/१२ जना हाईस्कुलका छात्रहरूलाई आफ्नो ध्येयको अनुयायी गराई क्रान्तिकारक शिक्षा दिने गर्दथे।

"बन्देमातरम्" यो कविता डाक्टर रविन्द्र कविन्द्रको भारतमाताको गुणगानको अद्बितीय कविता थियो। राजघाटको किल्लामुनि घनावनोपवनभित्र, कतै बाटो नभएको ठाउँको तलास गरी निसाना मार्ने शिक्षा हासिल गर्ने व्यवस्था गरेको थियो। हजारौँ टुक्रा कीट, ढुङ्गाहरू, सयौँ पुराना र नयाँ हाँडीहरू, ६/७ फुट लामा पचासौँ घोचाहरू जम्मा पारेको थियो। घोचाहरू गाडेर त्यसमाथि हाँडी उनेर २५ गज परबाटै चादमारि गराइन्थ्यो। किनकि हामीसित कुनै अस्त्र छैन। अत: टाउको फोरेर यिनलाई भगाउने गर्दथ्यौँ। उक्त कविताको कार्यारम्भमा पाठ गर्ने र काम सकिएपछि पनि फेरि पाठ गरी अनि एकएक जना ५/५ मिनेटको फरक गरी हाँगाबिँगा, साना बुटा, बलिया घाँसहरू समाती केवल दिशाको लक्ष्य गरी जङ्गलबाहिर निस्केर एक निश्चित स्थानमा जम्मा हुन्थ्यौँ।

'शासनव्यवस्थाका पण्डित बुद्धिमान् अङ्ग्रेजहरूले हाम्रो त्यो कार्यहरू थाहा नपाएको हुन सकेन र मेरोसम्मको पनि एक-एक परिचय पत्ता लगाई श्री ३ महाराज चन्द्रकहाँ पूर्ण रिपोर्ट पठाए। यहाँ महाराजले मेरो पिताजीलाई जो श्री ३ कहाँ निरन्तर रहेर नीतिशास्त्रहरू र सरसल्लाहको माग हुँदा सत्य, निष्पक्षको र निश्वार्थ भावले राजालाई बताउने काममा हुनुहुन्थ्यो, भन्ने भएछ कि "के ! छोरालाई पढ्न विदेशमा राखेका हौ कि क्रान्ति गर्न दीक्षा लिन पठाएका हौ ?"

भारत सरकारले यस्तो लेखिपठाए– "तुरुन्त यस्मा बन्दोबस्त गर" इत्यादि भन्ने भयो ।

पिताजीको बहुत कडा पत्र आयो। मसमेत मेरा भाइहरू मास्टरको अध्यक्षताबाट छुटाइयौँ र यहीं मोतीहारीतिर राखियौँ । वाहाँबाट पनि मलाई चाहिँ श्री ३ चन्द्रबाट पढाउनुपर्दैन, सरकारी नोकरीमा राख्ने हुकुम भयो ।

मेरो पढ्न पाऊँ भन्ने प्रार्थनाको सुनवाइ भएन र ठूलो काम, ठूलो ओहोदा पाई धन कमाई बुढेसकालमा सुखले जीवनयापन गर्ने छौ इत्यादि कुराहरू भनेर १६ वर्षको प्रवेश हुनासाथै सरकारी अड्डामा नोकरीमा राखिएँ। त्यसबेला सन् १९११ को अन्त्यतिर हो। त्यो समयदेखि महाराज चन्द्रसित मेरो सम्बन्ध हुन गई प्राय: १८ वर्ष मैले सोझै राजासित रहने शौभाग्य पाएँ।

जुन अड्डामा म अध्यक्ष भएँ त्यो अड्डा एक ज्यादै बोर र हाकिमहरू नबिग्री उम्कन नसक्ने भन्ने प्रख्यात भएको थियो । मैले त्यसको कारण बुझेँ। सो कुरा राजाको जाडो छल्न तराईतिरको भ्रमण समयमा उतै चाकरीमा पुग्ने गरेको बखत, यावत् कारणहरू बिन्ती गरेँ। राजाको चित्त बुझ्यो। त्यसको यथोचित प्रबन्ध भैदिएकोले अड्डा राफसाफ भयो । त्यो अड्डासमेत अरू अड्डाका तालुकवाला वयोवृद्ध सुविख्यात इन्जिनियर कुमार नर्सिंह राणा थिए। मेरो कार्यहरूले बोर अड्डा साफ भएकोले उनको तालुकदारी झिकिएर मलाई एकै वर्षवाद श्री ३ बाट तालुकवाला नै गराइएँ।

तिनै तालुकवालालाई एकदिन राजाले कुनै एक गोप्य कुरा कसै लाई नभन भनी भनेछन्। तर उनले आफ्नी स्त्रीलाई "राजाले यस्तो भन्ने भयो । यो ज्यादै गोप्य कुरो छ, कसैलाई नभने" भनेछन् । बिहान ९ बजे स्नान गर्ने बेलामा राजाले भनेको कुरा दिउसो १२ बजे पुलिसद्वारा राजाकहाँ उक्त कुरा कुमारनर्सिंहले भने भन्ने जाहेरी पुग्यो। त्यसबेला कहावतै थियो कि कुनै व्यक्तिको पनि यो राजाले पेटभित्रको आन्द्राभित्र के छ थाहा पाउँछ। हुन पनि जुँघा चल्यो कुरो बुझ्यो गर्ने र आकार, अङ्गित, चेष्टाबाट पेटभित्रको कुरा राजा बुझ्दथे। मैले नै पनि धेरै पटक अनुभव गर्न पाएको छु।

त्यो अड्डामा तीन वर्ष पनि नराखी मलाई कलकत्ताको काममा पठाइयो । पूरा आठ वर्ष मलाई कसैको मातहतमा नगराई सोझै आफैसित सम्पर्क राख्ने गराई राजाले राखेर काम लिए। एक डेढ वर्षमा एक डेढ महिना बिदा दिई काठमाडौं राजधानीमा आउने गर्दथें । धरै कुरामा शिक्षा, तालिम र विश्वास पत्यार यथेष्ट गर्दथे। करोडौंको कलकत्ताको काममा बिस वर्षको गेल बच्चा मलाई राजाले जुन विश्वास-पत्यार गरी जिम्मेवारी दिए मैले अरूतिर मन दौडाउने मौकै भएन ।

चन्दन तलाउ जगन्नाथपुरीमा तलाउमै एक सानु घर रहेछ। एक उडिया जोगी रहेछ। सो उडियाले भीमशमशेरलाई माघमा राजा गराइदिन्छु भनेछ। यो कुरा संवत् १९७३ सालको हो। राजाले यसका जाँचहरू ४/५ थरीबाट गराइसकेछन्। मलाई असारमा राजाको पत्र कलकत्तामा आयो। बहुत गुप्त प्रकारले बुझेर रजिस्ट्री पत्रद्वारा जाहेर गर्नू भनेर म वहाँ पुगें।

एक उडिया साधारण किसानजस्तो कपाल पालेको कालो व्यक्ति रहेछ। उसको बस्ने ठाउँमा मूल्यवान् राडी त्यसमाथि बाघको छाला र त्यस माथि चकटी ओछ्याई २ हातको एक इन्च डायमिटरको लट्ठी लिएर बसेको रहेछ।

मलाई देख्नासाथ भन्यो कहाँबाट आयौ ? बङ्गाली बोलीमा मैले भनें- "म कलकत्तामा पढ्छु, सन्चो नभएर समुद्रमा स्नान गर्न भनी डाक्टरले पठाएको।" मलाई बस भन्यो। यत्तिकैमा त्यो लठ्ठीले ३ पटक हानेर भन्यो भीमशमशेर राजा होगा । यो चाल हरएक आधा घण्टामा गर्दो रहेछ। दुई घण्टाजति बसें। वरपर सुन्दा यसको कुनै विशेष ख्याति रहेनछ। सोही कुरा महाराजलाई लेखी पठाएँ।

सन् १९२० तिर पहिलो विश्वयुद्धपश्चात् मेरो कदर गरेर राजधानीमा 'भर्ना नियुक्ति' गर्ने राजाकै मानिस रहनुपर्ने अड्डामा सारे। तिन वर्ष प्राय: त्यहाँ कामली, कौशल अड्डाको आठ मेम्बरमा एक मलाई र एक प्रेसिडेन्ट गराई बहुमतबाट शासन व्यवस्था गर्ने अड्डामा राखे।

तर सन् १९१४ देखि १९२० सम्म भारत सरकारलाई देखाउन

नामी र बेनामी पत्रहरू ममार्फत कडा गोप्य तरहले कलकत्ताबाहिर डायमन्ड हारवरमा एक, सहारनपुरमा एक र पुरलिया स्टेसनमा एक गरी मैले जम्मा तीन पत्रहरू छोडेँ । ती पत्रहरू भारत सरकारकै निम्तिका थिए । तिनैद्वारा महाराजले भारत सरकारसितको कारबाइहरूलाई इच्छानुसार व्यवस्था गर्न सकेँ भन्ने कुरा मैले सूक्ष्म प्रकारबाट बुझेको थिएँ ।

महाराज चन्द्रले धेरै वर्ष राजा भएर धन कमाए, आफूभन्दा मुनिका रोलवालाहरूलाई धन कमाउने मौका दिएनन् भन्ने रिसइबी, तलका रोलवालाहरूलाई हुन थाल्यो । रिस बढेपछि निन्दा बढ्ने कुरा स्वाभाविकै हो । निन्दा सुनेपछि सम्बन्ध चकनाचूर हुने कुरा पनि अनौठो हुन्न । यस्तो हुनाले श्री ३ चन्द्रपछिका रोलवाला कमान्डर इन चिफ भीमशमशेर ज.ब.रा.लाई महाराज चन्द्रउपर मन यथेष्ट बिग्रिन थाल्यो । यिनले उनको हरहमेशा बदनाम, अपमान गर्न थाले ।

राजाको मित्र यो हो भन्ने र राजाले अपमान सहन्छन् भन्ने कुरा अरूले सुनेको छ अथवा कसले देखेको छ भन्ने कथनानुसार राज्यको बागडोर हातमा लिएका, अनन्त शक्तिशाली राजा कोसित डराउँथे ? पहरासित कुइनाको जोर भनेझैँ श्री ३ चन्द्रसित स्पर्धा गर्ने भीमशमशेरको बरोबर तेजोवध हुन थाल्यो । उनले राणाको चाँडो इतिश्री: होस् भनेर अनेक अनुस्ठान (Abortive) हरू गराउन थाले । उनले विश्वासी भनी ठहराएका मध्ये रत्नमान सिंह भन्ने उच्च पदस्थ व्यक्तिले नै आफ्नू मालिक भन्ने झुटो कुराले पत्यार पारेको भीमशमशेरको एकएक चालबाजी श्री ३ चन्द्रकहाँ पुऱ्याउने गरेको रहेछ ।

संवत् १९८२ तदनुसार सन् १९२५ तिर श्री ३ चन्द्रको जाडो छलेर फर्केको समयमा मार्खुमा रत्नमान सिंहलाई सर्दारी दिए । पिताजी (काशीनाथ आ.दी.) ले यो त अचम्मको कुरा भयो कि रत्नमान भीमशमशेरको मानिस भनेर बरोबर भन्ने भएको आज सर्दार भए भनेको सुने भनी बिन्ती गर्नुभएकोमा भीमशमशेरले पनि सर्दारी पाऊँ भनी उसका निम्ति मानेको र उसले पनि भीमशमशेरको सबै गुप्तचर्याहरूलाई गर्ने गरेकोले दिएँ भनी श्री ३ चन्द्रबाट भन्ने भयो ।

पाटी भन्ज्याङ भन्ने ठाउँ नेपालमा र चन्दन तलाउ भन्ने जगन्नाथपुरीमा पनि मलाई मार्ने अनुष्ठान गरिरहेको छ । पाटी भन्ज्याङको अनुष्ठान पूरा भएपछि तिम्रो भाइ सदाशिवको घरमा राज्याभिषेक लिन भनी भीमशमशेर, उसकी रानी र हिरण्यशमशेर तीन जना दाह्री कप्तानका साथ गएर अभिषेक लिई फर्के भन्ने समाचार पनि रत्नमानले नै भन्न आयो। यी सब कुराबाट भीमलाई रत्नमान सिंहउपर पत्यार भएको प्रमाण र रत्नमानैले बेइमानी गरेको स्पष्ट हुन्छ। तर मानिस चिन्न असमर्थ र व्यसनमा लिप्त भीमशमशेरलाई उल्टो रत्नमानले पिताजी र म दुई जनालाई एउटा ढुङ्गाले दुई चरा मार्ने लक्ष्यलाई राम्रा तरहले पूर्ति गरे । भीमशमशेरको श्री ३ चन्द्रउपरको कोप र रिसइबी फेर्ने प्रबलताहरू विशेष गरेर मेरा उपरमा पार्ने उनले षड्यन्त्र गरे। किनभने श्री ३ चन्द्रले मेरो ठूलो कदर गरे ।

यस्तै वातावरणमा राजाले कौशलमा कामभन्दा भाँडभैलो कुरा हुन्छ भन्ने रिपोर्ट सुनेर एक दिन मलाई गुप्त बैठकमा भन्नुभयो, "तिमीलाई कौशलमा राखेको ताहाँको यथार्थ कुरा मकहाँ ल्याउला भनेर हो। आजसम्म केके देख्यौ ?" भनी प्रश्न गरे।

कौशलको सवालले कौशलका सबै कर्मचारीहरूले रोजनाम्चा लेख्नुपर्छ । तर सो अड्डा खडा भएको बेलामा सबैले लेख्ने गरेका रहेछन् । पछि क्रमश: छोडेको रहेछ । मैले कौशलमा जानासाथ लेख्न थालें। त्यो मेरो रोजनाम्चाले कौशलको स्थिति एक-एक स्पष्ट हुन्थ्यो । अत: मैले श्री ३ को प्रश्नको उत्तरमा बिन्ती गरें कि- "महाराज ! कौशलको सवाल हेरें । अरू कुरा पछि रोजनाम्चा लेख्नु भन्ने रहेछ। त्यसबाट कौशलको कामकुराहरू एकएक स्पष्ट हुने हुनाले त्यो नजर गराएँ सबै यथार्थ जाहेर हुनेछ।" श्री ३ बाट "भोलि त्यो लिँदै आए" भन्ने भयो।

भोलिपल्ट राजाले एकएक सबै हेरे। उनी ज्यादै नै प्रभावान्वित भए। उनलाई जे चाहिएको थियो त्यो प्राप्त भयो।

"हेर पण्डित ! यस डायरीबाट कौशलमा खालि गफ धेरै, काम थोरै भन्ने कुरा स्पष्टै भएकोले कसैले बोल्न पाउने कुरै

भएन । तिमीले यो डायरी लेख्न नछोडे ।" भनेर श्री ३ चन्द्रबाट भने ।

कौशलका प्रेसिडेन्ट र मेम्बरहरूले कमान्डर इन चिफको श्री रोलवालाको डर नराखी उनको मातहतबाट छुटाई सिंहदरबारमा कौशल ल्याएकोले, रोलवालाहरूले रिसइबी लिई कुनै बेहिसाब गर्लान् भन्ने आशङ्का गरी श्री ३ चन्द्रले शपथ हाल्न लगाउने विचार गरेछन् ।

त्यो दिन आइहालेछ । राजाकहाँ राजाका दाजुभाइहरू जो रोलवालाहरू थिए सबै जम्मा गर्ने र होम सचिव सर्दार नारायणभक्त, कौशलका वयोवृद्ध सर्दार रत्नमान सिंह मेम्बर, कौशलकै मेम्बर मसमेतलाई राजाले राजसभामा उपस्थित हुने हुकुम दिएको रहेछ । हामीहरू सभास्थलमा सबै पुग्यौं ।

गर्मागरम बहस सुरु भयो । कोहीकोही शपथ गर्ने कुरालाई नरुचाउने पनि रहेछन् । ती नरुचाउनेहरूलाई सहायता पाउने जनरल केशरशमशेर श्री ३ का पुत्र रहेछन् । सभामा भएको छलफल उनी सुनिरहेका थिए ।

श्री ३ को एक प्रश्नको उत्तरमा मैले भनें "चिफसाहेबबाट रोज २ घन्टाको समय हामीलाई बक्स्यो भने हाम्रो काम अडिने थिएन ।"

मेरो यो उत्तर सुन्नासाथ भीमशमशेर बुर्लुक्क उफ्रेर हातको लठ्ठी बसेको ठाउँबाट आकाशमा हल्लाउँदै "ए ! जेठा ! (मोहनशमशेर) मेरो काम २ घन्टा रे" भनेर बीसौंपटक दोहराउन थाले ।

मोहनशमशेरले मलाई हप्काउँदै भने "के ए, बिन्ती गरेको त्यो ? के श्री चिफ बुबाज्यूको काम २ घन्टा ? जे पायो त्यो बोल्ने ? के २ घन्टामा यत्रो राज्यको काम सकिन्छ ?" इत्यादि ।

मैले भनें "यसमा यस्तोगरी रिसानी हुने कुरो त थिएन । मेरो विचारमा लागेको बिन्ती गरें । महाराजबाट २/४ दिन बिराई केही समय बक्सेकोमा पनि त हाम्रो काम बाँकी हुन्न भने चिफ साहेबबाट २ घन्टा रोज्जै समय बक्स्यो भने के काम बाँकी रहला ? भन्ने लागेर बिन्ती गरेको हुँ" भने ।

महाराजबाट आँखाको इसारा बक्सेर मलाई पूर्ण आश्वासन मिल्यो। त्यसपछि म झन् निर्भय भएँ। यही बीचमा केशरशमशेरले भने- "शपथ हाल्ने कुराको हकमा, जसलाई मन लाग्छ, उसले शपथ हाल्नु, जसलाई मन लाग्दैन उसले शपथ हाले पनि के हुन्छ ?" इत्यादि ।

यो केशरको वक्तव्य सुनेर महाराज वास्तविक तरहले उग्ररूपले क्रोधित भए । अनर्थ गालीगलौज भयो । सर्वत्र हाहा भयो । उता फौजहरू अटेन्सनमा खडा हुन थाले । ढोकाहरू बन्द हुन थाल्यो । सबको अनुहार भयभीत र मलीन भयो ।

रत्नमानले शपथको कागज लेखे । भीमशमशेर, जुद्धशमशेर, रुद्रशमशेर, तेजशमशेर इत्यादि दिग्गजहरूले एकाएक सही गरे । त्यसपछि कोही बाँकी नभई सबले सहीछाप गरे ।

तिनैताका भीमशमशेरका कान्छा छोरा रामशमशेर जो एक भयङ्कर षड्यन्त्रकारी भएर बाबु दाजुहरूलाई समेत थरथर पार्ने खालका थिए उनले, महाराजको नाति, बबरशमशेरका छोराको अगाडि मलाई देख्नासाथ भने- "अमीरहजुर यो बाहुनलाई गोली ठोकेर मारिदिए पनि पाप लाग्दैन ।" यस्तो अति कडा कुरा सुनेर मलाई आश्चर्य लाग्यो । मैले महाराजलाई सबै सुनाएँ । महाराजलाई पनि आश्चर्य लाग्यो र भन्नुभयो "के, आमीरहजुरकै अगाडि त्यसो भन्न सक्यो ?" त्यसपछि मलाई भन्ने भयो–

"तिमी नडराऊ, भीमशमशेरले दु:ख दिने छैन । बरु खाना, दाना, यश र प्रतिष्ठा गराउने छ" महाराजको यी वक्तव्य सुनेर मैले भनेँ "मलाई रत्तिभर पनि डर छैन । भाग्य भए सरकारकै अगाडि जान पाऊँ । सरकारको पछि बाँच्नु रहेछ भने मेरो छाला टाँगेर नुनचुक भरी मारून् म पर्वाह गर्दिनँ" इत्यादि भनेर राजा चुप लागे ।

भीमशमशेरले श्री ३ लाई लेखेछन् कि– "भरतमणिलाई लिएर म काम गर्न सक्तिनँ। या त उनी रहून्, या मलाई काम गराइबक्स्योस्। भरतमणिलाई लिएर काम गर्नुपर्छ भने मेरो राजीनामा स्वीकृत होस्"

महाराजले यो कुराको पत्र फिर्ता गरी उनलाई भन्न भनी मोहनशमशेरलाई भन्ने भएछ कि– "हजुर अन्ड, सन्ड लेखिबक्सिन्छ । बुबा रिसानी होला । हजुरले नै आफै चढाइबक्स्योस् ।" त्यसपछि कुनै कुरा गरेनछन् ।

तिनैताक महाराजले आमसभामा मलाई देखाई भन्नुभयो कि– "यिनीजस्ता able man ले तिमीलाई हुँदैन भने अर्को मानिस म को पाऊँ ?"

इन्जिनियरिङ अफिसका इन्जिनियर कर्नेल डिल्लीजङ्ग थापा कौशलमा मातहत थिए । रेल्वे पनि कौशलअन्तरगत थियो । रेल्वे बजेट बनाए । जम्मा बीस हजार बढी लापरवाहीले बजेट बनाए भनी त्यसबेलाका कप्तान तिलकबहादुर रायमाझीले गोप्य जाहेरी दिएछन् । त्यसमा श्री ३ चन्द्रबाट मलाई त्यो सब कुरा भन्नुभयो । मैले निष्पक्षको भएर बढी ठहरेको अङ्क जतिको उनीहरूको भागको कालम १ तालुकवालाले त्यसमा रिमार्क गरेको कालम १ कौशलको रायले ठहराएको कालम १ गरी तीन कालम गरी प्राय: १०/१२ हजार बढी ठहरेको बारे लेखेर स्पष्टीकरणको माग गरी पठाएको मा डिल्लीजङ्गलाई मन परेनछ र उनले कौशलमा आई मलाई अपमान गरे । त्यसमा मैले उनले आफ्नू तालुक बन्दोबस्ती अफिसमा आएर अनुशासन नछोडे भनी उहीँ रहेका प्रेसिडेन्टलाई भने । उनले हेर यत्रा ठूला अफिसरहरू भएर यस्तो नराम्रो झगडा गर्नु असल होइन । चुप लाग, अन्यथा मैले महाराजका हजुरमा बिन्ती गर्नुपर्नेछ" भने ।

महाराजकहाँ यस्तो कुरा नपुग्ने कुरै थिएन। म राजाकहाँ थिएँ। महाराजले भने "यदि मकहाँ उजुर पऱ्यो भने मेरो इन्साफ यही हुने छ कि, आफ्नू तालुकी अड्डामा आएर अपमान गर्नु बेहिसाब हो ।" मैले धन्य ! धन्य ! ! भनें । तर राजाकहाँ उजुर परेन ।

कौशलको काम गरे पनि मलाई बेनीमोलेन्ट, च्यारिटेबुल सोसाइटीको मेम्बर गराइयो । समर्घ चन्द्रोदय संस्थाको ट्रस्टी र मिलिटरी अस्पतालको ट्रस्टी पनि गराइएँ। नापी भएकोमा उजुर परेको जाँच कमिटीको मेम्बर पनि म हुन्थेँ । पास जाँच चोरी सर्टिफिकेट

बारेको जाँच पनि मेरै अध्यक्षतामा दिएका थिए । ज्यानमारा एक मुद्दामा मुद्दइले अन्याय भयो प्राण दण्ड नपाऊँ भनी कराएकोमा त्यो मुकम्मा पनि कौशलले स्पेसियल हेरेर जाहेर गर भन्ने भयो । तर प्राणदण्ड पाएको बेठीक देखिएन र "Let the law have its work" भन्ने भयो ।

श्री ३ महाराजको छाती कफ र ब्रोङ्काइटिसले बहुत खराब थियो । Joints pain उस्तै थियो । अतः उनी प्रायः कमजोर, दुब्लो र रोगी थिए । तथापि बिहान ७:३० बजे सलाम दिने गरेको थियो । सलाममा प्रायः सबै उच्च पदस्थहरू अवश्य उपस्थित हुन्थे । राजाको देखा पर्न चाहनेहरू पनि कम हुन्थे भन्न सकिँदैन । उजुर गर्नेहरू र अन्याय भो भन्नेहरू रोजै प्रायः बीस-पच्चीस अवश्य हुन्थे । कहिले त त्यस्ता हालतको राजा भए पनि ढेड दुई घन्टासम्म पनि बरन्डामा रेलिङको सहाराले खडा भै सबै सुन्थे । तर प्रायः ३०/४० मिनेट त रोज्जै नै सुन्ने गर्दथे । यो प्रथाले प्रजा गद्गद थिए । आफ्न् दोष देख्ने भाव महाराजमा प्रशस्त थियो ।

यद्यपि राणाको शासन निर्दयी र निरङ्कुश भनिन्थ्यो तापनि यी महाराज एक ज्यादै सुदूरदर्शी, नीतिज्ञ र सुयोग्य शासक थिए । मानिस चिन्ने शक्ति यिनको अद्वितीय थियो । खोस्नु र भर्ना गर्नु राणाशासकको खेलवाड नै थियो भन्नु कुनै कुराले रोकिन्न थियो । त्यस्तो समयमा महाराजले एक डिठ्ठाको कर्मचारी जसको त्यसबेलाको तलब ३७.४० थियो । महाराजको बदनाम गरिहिँडेको रिपोर्टले उसलाई ठाडै खोस्ने मन भएछ ।

एक दिन मलाई भने कि– “हेर त्यो भूपध्वजको भाइले मेरो बदनाम गरी हिँड्छ रे । त्यसलाई नोकरीबाट हटाउन के गर्छौ ?” मैले भनेँ– “महाराज ! त्यो व्यक्ति हाम्रो अन्तरर्गत छैन । अतः केही थाहा छैन ।” त्यसमा राजाले भने- “अड्डा जाँचमा त्यसको उपर हुकुम कीर्ते गऱ्यो भन्ने एक मुद्दा छ । त्यो अड्डाको हाकिमलाई मुद्दा छिन्न भन । र कहिले ल्याउँछ सोध । यो मैले भनेको कुरा अन्त थाहा भयो भने जातअनुसारको सजाय गर्ने छु ।” भनेर मैले नै भनेको भनेर पनि सुनाए ।

त्यो व्यक्ति श्री ३ जङ्ग हुने व्यक्तिको ज्यादै ठूलो कृपापात्र व्यक्तिको भाइ नै हुनाले हुकुम कीर्ते ठहरेकोमा सर्वस्व गर्नु भन्ने १ बाह्र वर्ष कैद हाल्नु भन्ने १ प्राइममिनिस्टरको तजबिज भन्ने ऐन रहेछ । त्यसैले त्यो दिन राजसभामा स्वभावत: धेरै मानिस उपस्थित भएका थिए । मुद्दा राजालाई सुनाउन थाले । बहस यथेष्ट भए । घन्टा भर भएर पनि बहस कम भएन । योबेला महाराजले भने- "हाकिमले के फैसला गरेर ल्याएको छ बुझ न ।" महाराजको कुरा सुनी हाकिमले फैसला पढेर सुनाए । त्यस्ता फैसला सुनेर महाराजले "अड्डाले ठहराएको केही गर्नु पर्दैन । नोकरीसम्म खोसी हटाइदिनू" भने । मुद्दा छिनियो ।

श्री ५ महाराजाधिराज त्रिभुवनकी छोरी साहज्यादी एक मूलमा परेकोले राजदरबारबाट निकालिएकालाई श्री ३ महाराजले सिंहदरबारमा ल्याई राखे । क्रमश: साहज्यादी एक डेढ वर्षकी भइन् । दिनको ३ बजे साहज्यादी हावा खान जाँदा महाराजकहाँ आई हावा खान जाऊँ ? बुबा ! भन्ने गर्दथिन् ।

एक दिन राजाको सर्वाङ्ग दुखेर ठसठस गरिरहेको बेलामा यौटी पुलिस स्वास्नीमानिस जो दरबारभित्रै राजाकहाँ वरपर रहने मध्येकी एक आएर हतपत गर्दै भनिन् कि "महाराज ! साहज्यादी सवारी भयो ।"

"ए ! मेरो स्लिपर खोइ ! कहाँ छ ?" भन्दै महाराज हतपताउँदै लम्केर त्यो सानी बालिकानेर पुगेर भने- "साहज्यादी ! मैले दर्शन गरेँ" भनी ५/७ पटक हात हल्लाई सलाम गरे । साहज्यादीले- "बुबा ! म हावा खान जाऊँ ?" भनिन् । "ए ! साहज्यादीको छाते, बडीगार्डहरू आए ?" भनी महाराजले भने । पुलिस र स्वास्नीमानिसले "ठीक छ" भनिन् । "साहज्यादी ! सबै ठीक छ रे सवारी होस्" भनी श्री ३ ले बिन्ती गरे ।

फर्केर आई आराम गरी सुतेर महाराजले मलाई भन्नुभयो कि– "पण्डित ! नोकरले मालिकका सन्तान सबैलाई मालिक देख्नुपर्दछ । यिनी पछि ठूला भएपछि भन्नेछन्, हामीलाई यस्तो गरेको थियो । मान्नेलाई मान्नै पर्दछ त्यो बिर्सन हुन्न ।"

नापी गर्ने काम पनि ज्यादा चाँडोचाँडो गर्ने महाराजको चलन थिएन। नापीमा अन्याय भएको सुन्ने एक कमिसनको गठन हुन्थ्यो। मलाई पनि सदस्यमा नियुक्ति हुन्थ्यो। हामीहरूले सकेसम्म न्याय होस् भनी काम गर्दथ्यौं। तर राजालाई रैतीहरूकै चिन्ता हुन्थ्यो। दर तोड गर्ने बेलामा उब्जाउको छ खण्डको एक खण्ड मात्र लिने ध्येय महाराजले कहिल्यै बिर्सेनन्। हामीले दर तोड गरी लगेकोमा रैतीहरू सयौंलाई जम्मा गरी ठूलो छलफल गर्दथे। रैतीहरू दर स्वयम् यति होस् भन्दथे। त्यसमा थपघट गर्ने पूर्ण विवेकयुक्त महाराजले हुकुम दिन्थे। सो सुनी रैतीहरू अथाह खुसी भएर जान्थे। मनपरी मनगढन्त दर तोड गरी देशमा हाहाकार कहिल्यै भएको थाहा भएन।

ऐनहरू बन्दा धर्मशास्त्रको राय, रङ्ग शिष्ठहरूको राय र ऐन तर्जुमा अड्डाले ठूलो छलफलबाट एउटा ठेगान गरी ल्याएको कौशलमा ठूलो समालोचना हुन्थ्यो। सुब्बा मुरलीधर उप्रेती ग्रयाजुएट त्यसको अध्यक्ष थिए।

महाराजको बीस वर्षको शासनकाल भएको समय थियो। मलाई बरोबर महाराजबाट तलबाट ठहर गरी ल्याएको ठेक्का रकमहरू र कुनै कुरा बढिबढाउ, घटिघटाउ गर्नुपर्ने अवस्थामा तलबाट सबै अङ्ग पुऱ्याई ठहराई पठाएको कौशलले पनि मुनासिव भनी राय लेखी पठाएकोमा राजाकहाँ जोर पुगेका कोहीले यो काम म पाऊँ भन्न जाँदा महाराजले दिने गरिदिँदा रैती दुनियाँलाई ज्यादै मर्का पर्ने भएको र कैयौं समय ठूलो कष्टले पैरवी गरी ठेक्का लिने र त्यसबाट २ पैसा कमाई बालबच्चा पालन गर्ने कुरामा कुठाराघात पर्न जाने इत्यादि कुराको मलाई ठूलो विचार भइरहेको थियो र बही बुझ्नेको १२ नं. को ऐनले रकमीहरू कोही धडपकडबाट बाँध्न गाह्रो हुने कुराले महाराजको बदनाम भइरहेको पनि सुनेको थिएँ। अत: पिताजीलाई महाराजलाई ऐनमा नै मुख्य टेकेर मामला छिन्ने गर्ने बारेमा पिताजी वयोवृद्ध हुनुभएकोले यो मर्ने चोला हो। रैती दुनियाँको दु:ख पिरमर्कालाई मुख्य विचार भएमा यश-कीर्ति फैलिने छ भन्ने कुराहरू मौका मौकामा राजालाई बोध गराए असल होला कि भनी मैले सुझाव राखेको थिएँ।

मेरो इत्यादि प्रस्तावहरू सुनेर पिताजी अथाह मात्र नभै भयङ्कर रूपले राजाको कार्य कोटीका टिप्पणी गर्ने भनी आमाको गालीमात्र बाहेक गरी रिसाउनुभयो । दाजुभाइका अगाडि त्यत्रो अवहेलना देखेर म क्षोभ र दु:खले हिँडेँ ।

एकदिन मौका परेकोले यी उपर्युक्त भावहरू पिताजीसित मैले भनेको र पिताजी रिसाउनुभएको यावत् १/१ महाराजलाई मैले भनेँ। महाराजले दोहऱ्याउन लगाई फेरि भन भन्ने भयो। सबै सुनेर भन्नुभयो कि- "तिमीले त बहुत योग्य कुरा भनेका रहेछौ। तिम्रो बाबु किन त्यस्तो गरी रिसाए"। र फेरि महाराजले भने– "तिम्रो सबै कुरा सुनेँ मेरो राजकाजमा तिमीले केके त्रुटि देखेका छौ नडराईकन भन" भनी ३/४ पटक सोधे। मेरो हृदयगति नै बन्द होलाझैँ ठूलो डर मलाई भयो। तर अब अरू उपाय थिएन मैले पैले १२ नं. को बही बुझ्ने बारेको ऐनको दोशहरू बताएँ। सो सुन्नासाथ ७ दिनभित्र ऐन बनाई जाहेर गर भन्नुभयो।

दोस्रो कुरा के छ भन भन्ने फेरि हुकुम भयो। माथि उल्लिखित ठेक्का रकमहरू बारे सबै भनेँ। राजाले केही जवाफ दिएनन्। तर त्यो बेलादेखि पछि फेरि हुकुमले अरूले पाएको थाहा भएन। त्यो समयवाद महाराज चार वर्ष जीवित थिए।

उनैका जेठा छोरा मोहनशमशेर सन् १९४८ मा श्री ३ महाराज भए। राजा भएको तेस्रो दिन मलाई डाकेर भने- "पण्डित ! अहिले मेरो तारिफ भयङ्कर शत्रुले पनि गरेको छ, तर मित्र शुभचिन्तक व्यक्ति त्यही हो, जसले दोष देखाइदिन्छ। तिमीले श्र ३ बुबाज्यू (चन्द्रशमशेर) को दोष देखाइदिने गरेकोले उहाँको यश कीर्ति आजसम्म पनि ज्यूँका त्यूँ छ किनभने उहाँले दोषलाई सुधार्ने मौका पाइबक्सिन्थ्यो। अझै पनि उहाँलाई "हाम्रो बाबु हो" भन्दै छन्। त्यसैगरी मेरो पनि दोष देखाइदिने गऱ्यौ भने तिमी मेरा मित्र रहेछौ भन्ने सम्झने छु" इत्यादि भन्ने भयो।

मीरसुब्बा लक्ष्मीप्रसाद मुडभरी मुलुकी अड्डाका हाकिम थिए। खास गरेर यिनलाई भीमशमशेरले नै खडा गरेका हुन्। त्यसउसले मुडभरीहरूको श्री ३ भीमका पालामा बोलवाला थियो। म नियुक्ति विभागमा छँदा श्री ३ चन्द्रले "मुडभरीहरूलाई

ठाउँठाउँमा मिलाएको छ रे। अब चाँडैनै दर्शन गराउन ल्याउने रे हो ?" हुकुम भो। "दुई जनालाई दर्शन गराउन लाने" भन्ने भएको छ भने।

महाराजकहाँ दर्शन गराउन लगेँ। चिफ पनि उहीँ थिए। श्री ३ लाई मैले उनीहरूलाई भर्ना सदर गर्न देखाएँ। "अहिले मैले यी खाली ठाउँहरूमा कोही नमिलाउनू भनी पठाएकै थिएँ, किन ल्यायौ ?" भनी महाराजले भने। चिफले सो सुन्नासाथ एकाएक झुट बोलेर "मैले महाराजकहाँ अहिले नलानू भन्दाभन्दै किन दर्शन गराउन ल्यायौ ?" भनेर कड्केर भने। आम जनसमूहको अगाडि त्यत्रो ओहोदामा पुगेको व्यक्तिले झुट भने भनेर कसले बुझ्न सक्तथ्यो ? तर श्री ३ र म सिवाय त्यो बुझ्ने कोही थिएनन्। उनको त्यो फट्याइँ सुनेर राजाले मलाई आँखा झिम्म गरी नडराऊ भन्ने इसारा गरे।

श्री ५ महाराजाधिराज त्रिभुवन कहिलेकाहीँ कुनै खबर नदिई महाराजकहाँ आउँथे। श्री ५ आफ्नू घरमा आए भने श्री ३ ले जति पटक आए पनि एक रुपियाँ खसालेर दर्शन गर्दथे। श्री ५ फर्केपछि एकदिन भन्ने भो कि "पण्डित ! हेरौला, म मरेपछि यो राजा चुप लागेर बस्ने छैन। यो बाघ हो बुझ्यौ ?" फेरि एकदिन यो पनि भने कि "नेपालको प्राइममिनिस्टर आखिरी म नै हुँ। मेरा पछिकाहरूको अस्तित्व बहुत कम हुनेछ।"

"पण्डित ! हिजो किशोरनर्सिंहको ढाँचा देख्यौ ?" भने। महाराज! उहाँको हिजोको व्यवहार देखेर धेरैको मनमा उनको इतिश्री: आज हुने भयो भन्ने परेछ र मसित २/४ जनाले भने पनि। तर सरकारबाट ठूलो निगाह रही उनको त्यो व्यवहारलाई पनि सहन गरिबक्सियो भनेर पनि मानिसहरूले भने, मेरो मनमा पनि धन्य ! धन्य ! ! भन्न आयो भनेर भने। "पण्डित ! मैले एक मिनेट धैर्य गरिदिँदा २/३ घर बिग्रेनन्। तिनीहरू शत्रु पनि भएनन्। म जब बोल्दछु बोल्ने अगाडि त्यसको परिणाम के हुन्छ भनेर सोचेर मात्र बोल्ने गर्दछु। तिमी कति वर्षका भयौ ?" भन्ने भयो। "एकतीस वर्षको भएँ" मैले भनेको सुनी "केटाकेटी नै रहेछौ। सहने बानी र धैर्य गर्ने बानी गरे है। यसले गर्दा बहुत कम बदनाम हुने छ र काम पनि सप्रने छ" भन्ने भयो।

ब्रिटिस भारतले नेपाली फौजी सिपाहीहरू विश्वयुद्धमा सहायता दिएको बापत दस करोड एकमुस्ट लिने कि सालाना निरन्तर सदाकाल दस लाख लिने भन्ने प्रस्ताव आएछ। महाराजले दस लाख नै सालाना लिने भन्ने जवाफ पठाए । त्यसै सिलसिलामा भन्ने भो कि "हेर त्यसले गर्दा नेपालको गौरव कायम रहिरहने अवस्था अटुट रहन जाने र त्यसैगरी रेजिडेन्ट रहनेमा राजदूत रहने भएको यस्ता कार्यहरू गर्नाले अस्तित्व रहन्छ। हुन त दस करोड एकमुस्ट लिए कुनै एक काममा लगाउन सजिलो हुन्थ्यो तर हिनामिना पनि हुन सक्तथ्यो।" इत्यादि पनि भन्ने भयो।

जनरल हरिशमशेरले उनको कम्पाउन्डमा प्रशस्त धान थुपारेको छ भन्ने रिपोर्ट आयो। त्यो सुनी "ए! पण्डित, हेर राणाजीले व्यापार गरे भने लोकमा कस्तो नराम्रो भाव पर्ला। यस्तो नचाहिने काम गर्न थाले" भन्ने भएर त्यसमा ठूलो नियन्त्रण गर्ने गरे। उनी स्वर्गारोहण हुनासाथ मलाई निर्वासनको सजाय भैगो। त्यसपछिको कुरा मलाई थाहा हुन सकेन। तर श्री ३ मोहन राजा भएका र उनका दुई मात्र छोराछोरीहरू ६ जना भए पनि न छोराहरूबाट अथवा छोरीहरूका पति जो हिन्दूस्थानका राजामहाराजाहरू थिए व्यापार गर्न दिएनन्।

एउटी स्वास्नीमानिस विधवाले महाराजको सलाममा पर्दानशीन भएर पनि आएर उजुर गरिन् कि मैले पोष्यपुत्र लिए थिइँ। त्यसले मेरो कुनै हेरचाह गर्न छोडी यावत् सम्पत्तिमाथि पूर्ण नियन्त्रण गऱ्यो। मैले दु:ख पाएँ भनिन्। महाराजले तुरुन्तै पोष्यपुत्रहरूले पाएको र बक्स पाएकोले पनि हेरचाह गर्ने गरी खानू भनिदिएकोमा पछि उजुर पर्न आउने नगर्नालाई तुरुन्त ऐन बनाई दाताको चित्त बुझेन भने जहिलेसुकै पनि दिएको र हक भएको सम्पत्ति भन्न पाइने छैन भन्ने इत्यादि ऐन बन्यो।

"पण्डित ! मेरा छोराहरू मेरो कुरा काट्नमा सदा प्रसन्न रहन्छन्। मोहनशमशेरले नै त्यस्तो गर्दछ भने अरूको के कुरा? मैले यी मेरा छोराहरू भनेर के गरिनँ तापनि सौतेनी भावले यिनीहरूलाई ग्रस्त गर्न छोडेन। मेरो शेखपछि यिनीहरूबाट केही हुनेछैन, देखौला।

मपछिको भीमशमशेर त्यही हो झुट फरेब बोल्छ। गाँजा खान्छ, त्यसबाट पनि के होला र तथापि जुद्धशमशेर भन्दा त्यसैले केही गरिहाल्छ कि? भनेर भन्नुभएको थियो।

श्री ५ को दरबारमा बेहिसाबको कामहरू भएको हेरी मिलाउने कुरा महाराजाधिराज त्रिभुवनबाट हुकुम भएछ। श्री ३ भीम गएर आमा चकारी गरी उग्र क्रोध देखाएछन्। त्यस्तो फोहर काम दरबारभित्र गर्ने भनेर श्री ५ बाट भन्ने भयो भन्ने सुनियो।

श्री ३ जुद्धशमशेरको पालामा श्री ५ हरूलाई विदेश भ्रमण गराए। दरबारको पजनी पनि आफूले नगरी श्री ५ मै चढाए। एकातिर निर्दयी शासक भएर राजकाज गर्ने र अर्कोतिर बादशाहलाई स्वतन्त्र गराई आफू ज्योँका त्योँ रहने राजकाज पनि गरे। २००२ सालमा त्यो ओहोदामनिको रोलवालालाई दान दिएर गए। २००७ सालैमा राणाहरूलाई एक थोपा रगतसम्म नबगाई श्री ५ महाराजाधिराज त्रिभुवनले समातेर हुत्याई फालिदिए। संवत् १९८६ तदनुसार सन् १९२९ मा श्री ३ महाराज चन्द्रको स्वर्गवास भयो। उनी गएको ठिक २१ वर्षमा श्री ५ ले शासन लिए। शासनभार छुटेको दस वर्षभित्र राणा परिवारमध्ये प्रायः धेरै न्यस्त नामुद भएर बिलाए। श्री ३ चन्द्रपछि २१ वर्षभित्र चार "निर्दयी शासक" (टाइरेन्ट, एकतान्त्रिक शासक) नेपालमा भए। अब भविष्यमा त नेपालको अवस्था के हुने हो "नेपाल भाग्यविधाता श्री १०८ पशुपतिनाथ"लाई नै थाहा होला। इति : शुभम्

२०२६ ज्येष्ठ १२ गते रोज १

श्री ३ महाराज भीमशमशेरले श्री ३ चन्द्रको स्वर्गवास भएकै दिन अथाह प्रमोसनहरू दिए। त्यो प्रमोसन हिमको वर्षाझैँ थियो। श्री ३ चन्द्रका पक्षका कसैको पनि सामान्य कदर गरेनन्। हाम्रा उपरमा हुनेसम्म कठोरताको सजायहरू गरे। मलाई श्री ३ जुद्ध राजा भएकै दिन मुक्त गरिदिए। म तुरुन्तै सदरमा आएँ।

श्री ३ महाराज भीमका जेठा छोरा जो तेस्रो रोलका व्यक्ति थिए, बाटोमा मलाई देखे। मोटर रोकेर कुरा भयो। उनले भने–

"श्री ३ बुबाज्यूले अथाह प्रमोसनहरू दिनु र तिमीहरूलाई दुःख दिएकोमा मैले यो दुवै कुराहरू ठिक भएन भनेको थिएँ। पछि स्वर्ग हुने समयतिर मलाई भन्नुभयो कि "जेठा तँ मेरो छोरोमात्र नभै एक उत्तम मित्र पनि रहिछस्। मैले प्रमोसनहरू दिएको बारेमा र भरतमणिहरूलाई बिगारेकोमा मलाई सम्झाउने तँ एक जना मात्र होस्। कसैले मलाई सम्झाएनन्। मेरो राजकाज बिग्रियो। जुद्धशमशेर बलियो भएर गयो। मैले प्रमोसन दिन र भरतमणिहरूलाई बिगार्न जानिनँ" भन्ने भयो र फेरि भन्ने भयो, "मलाई यस्तो हालतमा पुऱ्याउने मैले पत्याएका मेरा हुन् भन्नेहरू नै रहेछन्। भरतमणिलाई ल्याउने विचार आइरहेछ" इत्यादि। अतः यदि श्री ३ बुबाज्यू अरू छ महिना बाँचिबक्सेको भए तिमी श्री ३ महाराज चन्द्रशमशेरबाट जसरी राखिबक्सेको थियो त्योभन्दा कम हुने थिएन।" मैले यो कुरा सुनेर उनलाई भने–

"आज हजुर जस्तो ठूलो व्यक्तिबाट यस्तो कुरा सुनेर मैले आफूलाई धन्य सम्झैं। योभन्दा खुसीको कुरा के हुन सक्तछ कि, त्यो घुस्याहा, बेइमान र बदमास छ इत्यादि त हुकुम भएनछ। भाग्यमा भएको भए त्यो दिन देख्न पाइने रहेछ। के लाग्यो।" मेरो कुरा सुनेर फेरि सिनियर कम्यान्डिङ जनरल पद्मशमशेर तेस्रो रोलवालाले भन्न थाले "बाजे! राजकाज भनेको अनौठो हुँदो रहेछ। सानु चुकुल खुस्कन गो भने सम्हाली नसक्नु ठूलो पहाड नै हुँदो रहेछ। श्री ३ महाराज चन्द्र एक असाधारण पुरुष थिए। उनले २८ वर्ष कसरी शासन चलाए ? मेरो हृदयमा उनी सदा उच्चस्थानमा रहन्छन्।" इत्यादि धेरै प्रकारको कुरा गरे।

अन्त्यको र राणाशासक इतिश्री हुँदा श्री ३ महाराज मोहनशमशेर उनै श्री ३ महाराज चन्द्रको २८ वर्षसम्म साथ रहेका, प्रायः तीन वर्ष भीमशमशेरको कठोर मार र भयमा डुबेका, श्री ३ महाराज जुद्धको जेठा! जेठा!! पाएका, श्री ३ महाराज पद्मको रातोदिन भयभीत गराउने मानिस भएर प्रायः तीन वर्ष रहेका भए पनि श्री ३ चन्द्रको सयकडा दस जति पनि राजकाज गर्न समर्थ हुन

सकेनन्। तर यिनका पालामा नेपाल एक आदर्शयुक्तको हुनेछ भन्ने अनुमान धेरैको थियो।

वास्तवमा श्री ३ मोहन ज्यादै मानिस चिन्न नसक्ने खालका हुनाले नै यिनी चकनाचूर भए। राणाहरू जति शासक भए तिनीहरूलाई श्री ५ महाराजाधिराजहरूले हातको पञ्जापत्र अर्थात् नमेटिने रातो Stamping ink को छाप लगाई "तिमीलाई हर्ता, कर्ता, विधाता गराई राज्यभार सुम्पौँ" भन्ने भावबाट लेखेर प्रमाणपत्रहरू दिएर राखिएकाहरू अवैधानिक शासक भन्न कुनै हालतले नहुने थिए। त्यस्तो व्यवस्था भैकन उनीहरूलाई जालसाजी गरी धोका दिई राज्य च्युत गराउनेहरूको कुनै हालतमा पनि इमानदारी काम होइन। नमालुम कति कारणले हो आज (२०२६) का प्रजाहरू राणा शासनको चर्चा गरिरहेछन्। अतः राणाहरू केवल निन्दित मात्र थिए भन्न असमर्थता हुन्छ। तथापि निर्दयी शासक भनिने संज्ञा पाएकाहरू हुनाले र म पनि घोर अन्यायको मारमा परेकोले मजस्तै अरू प्रजावर्गहरू मध्येकाहरू पनि एक न एक राणाशासकको सिकारमा नपरेका थिएनन्। त्यसो हुनाले राणा शासनलाई उत्तम शासन हो भन्न पनि गाह्रो नठानिएको होइन। तर नीतिज्ञ श्री ३ चन्द्रजस्तो शासक निर्दयी शासक भनिने शासक भए पनि पाउन गाह्रो भएको हो। श्री ३ महाराज पद्मशमशेर ज्यादै नै पछिसम्म पनि श्री ३ चन्द्रको उपासक थिए।

१. श्री ३ चन्द्रले श्री ५ हरूलाई उग्र मान्दथे।
२. श्री ३ भीमले श्री ५ हरूलाई रिझाउन सकेनन्।
३. श्री ३ जुद्धले श्री ५ त्रिभुवनलाई नै गोर्खामा लगेर थुन्ने धम्की दिए। स्वतन्त्रता पनि दिए।
४. श्री ३ पद्म एक अथाह कमजोर भएर डरैडरले छोडेर भागे।
५. श्री ३ मोहन शासक हुन अयोग्य साबित भए।

यी पाँच प्राइममिनिस्टरहरूको व्यवहारहरूबाट पनि साफ हुन्छ कि शासन व्यवस्था चलाउने कुरामा उत्तम र अधम शासकहरूमा व्यवस्थाहरू उनीहरूसितै सीमित रहने हुँदोरहेछ। शासन त एकप्रकारले चलेर जाने कुरा हुन्छ। तर गुणदोषको वर्णन इतिहासवेत्ताहरूको कलममा निर्भर गर्दछ।

श्री ३ चन्द्रबाट जाँच हुने हजारौँ तरिका हुन्थे। मलाई घुस दिन हजारौँ रुपियाँको बन्डिल आए। मानिस भर्ना गर्ने कुरामा असिस्टेन्ट बडाहाकिमहरू ३ जिल्लामा खाली भै काम अडेको छ भन्ने कुरा गरी के गर्ने ए? भन्ने भयो। दर्खास्त अफिसमा ताकिद गर्छु भने। उहाँ दर्खास्त परेकै छैन रे भनी राजाले भने। त्यसमा बहुत डराई म तजबिज गरूँ कि भनी बिन्ती गरेँ। ठुलो रवाफका साथ मलाई थर्र पारी नाक फुऱ्याई "हुन्छ तजबिज गर" भने। मानिसअनुसार ठाउँ पनि तोकी जाहेर गरेँ। राजा बहुत खुसी भै उही दिन दर्शन गराई सदर गरिदिए। तर श्री ३ भीम भएको २ हप्ताभित्रै सबै ठाडै खोसिए। यो के हो? रत्नमानसिंहको अटचिर मेरा उपरको कोप!!!

महाराज स्वर्ग हुने ३ वर्ष अगाडिदेखि यावत् तराई प्रान्तहरूको कर्मचारीहरूको पजनी मेरो विचारले गर्ने आज्ञा दिए। यो अति गोप्य तरहले मैले गरेँ। मेरो असिस्टेन्ट गोपालबहादुर श्रेष्ठ जो प्रजातन्त्र नेपालमा एकाउन्टेन्ट जनरल सम्म भए। राजाको कमजोरी बढ्दै गएकोले सुख सुबिस्ता गराउने र पक्षपात नगर्ने ठहराएको हुनाले मलाई पत्यार गरेको हो। तिनतिन वर्षसम्म कतै कसैबाट यो कुरा थाहा पाउने कुरो भएन।

कौशल सुद्धिएपछि तिन अड्डाहरू श्री चिफकहाँबाट झिकी कौशलमा गाभ्नुपर्ने देखियो। महाराजबाट प्राइभेटसाथ कागज बनाई जाहेर गर भन्ने भयो। राजाको शरीर रोगग्रस्त थियो। खोकीले रातरातभर सुत्न हुँदैनथ्यो। त्यसो हुनाले मैले cardboard मा रुख बनाई अड्डाहरूले गर्ने कामहरू हाँगाबिँगा र पातहरूमा लेखेर देखाएँ। कागज राजाकहाँ लगेँ। हेरेर अथाह खुसी भै होमसेक्रेटरीलाई देखाएर मतर्फ इसारा गरेर "यसलाई तिमीले लगेर तालिम गरिदेउन" भन्नेसम्म पनि हुकुम भयो। त्यो कागज लगेर चिफलाई देखाई के भन्छ मलाई भन भन्ने भयो।

चिफकहाँ गई देखाउन जाँदा एकदम एकएक थाहा पाएको मैले अनुभव गरेँ। रत्तिभर हेरेनन्। प्रायः ३ बजे मलाई सिंहदरबार गएर बसिराख भने। म बहुत आनन्दले हिँडेको देखेर एकाएक फर्काई भैगो यहीँ बस साथै जाउँला भने। ३॥ बजे सबैलाई आफ्नो मोटर कारमा हालेर राजाकहाँ लगे।

उता राजाको ढाँचा एक भयलाग्दो देख्यौं। राजाकहाँ खडा रहेको चोपदारले राजालाई खबर दिँदै भने- महाराज चिफ सदल सवल आए। फारसी बोलीबाट भनिन्थ्यो। राजाका अगाडि हामीहरू ५/७ जना पुग्यौं। राजाको नजर उत्तर हिमालतिर गम्भीर भावले निश्चल भएर रहेको देख्यौं। चिफ जस्तो ठुलो व्यक्ति पुगेको पनि तृणवत् वास्तै रहेन। हामीहरू ५/७ गज पर त्राहित्राहि गरी खडा रह्यौं। त्यहाँ Pin Drop Silence थियो। चिफले गएर दर्शन गरे। रत्तिभर वास्तै भएन। उनी सुस्त बिस्तारै राजाभन्दा पर तेस्रो बेन्चमा पनि पल्लो कुनानेर चाक मात्र अड्याई झुकेर लट्ठीमा च्युँडो गाडी बसे। पाँच मिनेट यो अवस्था रह्यो अनि एकाएक राजाले भने "कहाँबाट आयौ, चिफले भकभकाएझैं गरी भने "भ...अ...र त...म...अणि... भ...भ...भ...रत...भ...अस्ति आएका...रहेछन् ...एक कागज ल्या... एका रहे...अ...छन्...र हुकुम भएको भनी... देखाउँथे" भनिसकेका थिएनन् राजाले भने–

"हेऱ्यौ ?"

"हेरें"

"कस्ता लाग्यो ?"

"बहुत बेस रहेछ"

"उसो भए भोलि नै खड्गनिसाना गरी काम लगाऊ" राजाले भने ।

त्यसपछि हल्ला सुरु भयो। सर्वत्र खुसी रहँ समुख भयो। त्यो सब राजाको व्यवहार किन भो र फेरि किन तोडियो स्पष्टै भयो अर्थात् भीमशमशेरले बखेडा झिक्छ र बहस गर्नुपर्छ भनेर त्यो उग्ररूप देखाई सर्वत्र त्रास पारे। जब काम भयो। सबै शान्त पारिदिए। सबभन्दा विचारणीय कुरो यो थियो कि उक्त कागज भीमशमशेरले खोलेर हेरेको सम्म थिएन। सोही कागजलाई बहुत ठीक छ भनी जाहेर गरे। नेपालका शासकहरू राणा समयमा यस्तै प्रकारले शासन गर्दथे।

यी सब कुराहरू देख्ने थाहा पाउनेहरूमा अहिले जीवित रहेका श्री ५ महेन्द्रका सर्वोच्च सत्तारुढ बडाकाजी पुष्पराज राजभन्डारी, कर्नेल नवराज सिंहबहादुर, जर्नेल कुलविक्रम बस्नेत छेत्री, गोपालबहादुर श्रेष्ठ, हिरामान श्रेष्ठ ज.ज.,हरू छन् । कुलविक्रम कौशल मातहतका व्यक्ति र अरू सबै कौशलका मेम्बरहरू दुई जना र बाँकी कर्मचारीहरू थिए ।

हरि:ओम्:शुभम्

# समको हस्ताक्षर

*– क.दी.*

*[करिब ३० वर्षदेखि 'नेपाली'को जगेडा फाइलमा एउटा लेख्ने कापी (एक्सरसाइज बुक) त्यसै बसिराखेको थियो, बालकृष्ण समको खेस्रा गर्ने कापी । त्यसमा सुरुका आठ पेजसम्म पृष्ठ सङ्ख्या लेखेर एउटा लेख थियो शीर्षक नभएको । अनि पछिका ४ पृष्ठ साँच्चै नै खेस्रा थिए- 'जे पायो त्यै' लेखे जस्तो । त्यो लेख पनि कतै छापिएको छ कि छैन थाहा छैन। भए पनि यो बहुमूल्य हस्ताक्षर त्यसै फालिराख्नु उचित लागेन। अब यसपटक जे छ त्यसलाई जस्ताको तस्तै पस्कने आँट गरेको छ सम्पादकले। अरू केही नभए पनि समजी कुनै कुरा लेख्दा पनि कति पूर्वाभ्यास गर्थे, कति र कसरी कुरा जम्मा गर्थे भन्ने बुझिन्छ यी खेस्राबाट। यो ज्ञान पनि अबका 'नेपाली' पाठकहरूलाई काम लाग्दो र चाख लाग्दो हुँदो हो भनी यो जमर्को 'नेपाली'ले गरेको हो – सम्पादक]*

कवितामा मानिस त्यो ऐश्वर्य पाउन सक्छ जुनलाई उसले सपनामा पनि देखेको थिएन, उ वितेर गएको प्रेमको प्रतिमालाई जिउँदो पारी बोलाउन सक्छ, उ यस जगत्लाई कवितालाई लाग्ने समयभित्र मात्रै भए पनि आफ्नो आदर्शमा चित्रण गर्न सक्छ, उ मरेर गए पनि म जीवित छु किनभने म बोल्दैछु भन्न सक्छ। दर्शन त देख्नु पर्छ, प्रत्यक्ष नभए पनि त्यसकै आधारमा अनुमान गर्नुपर्छ। तर कवितामा त कवि आफ्नो बुद्धिभन्दा पनि बुद्धिमान् बन्न सक्छ, उ पत्थरलाई आकाश सँगै त्यसभित्र गाउँदै विचरण गर्न सक्दछ, अनि आकाशलाई फूलामको अण्ड बनाएर मुठ्याउन सक्दछ, उ सक्दछ किनभने उसले नसक्ने के छ – कविलाई अंकुश कुन?

हो, कवि जे पनि गाएर सुनाउन सक्दछ तर सुन्नेको अधिकार उसमा रहदैन, उ जतिसुकै गाली गरोस्, धम्की देओस्, अभिमानले आत्मश्लाघा प्रदर्शन गरोस् तर श्रोताको अधिकार कवि हरण गर्न सक्दैन। त्यसैले कविमा जतिसुकै अनुभूतिको भण्डार होस् तर त्यो त्यही वेला मात्र कविता हुन्छ जब उ अरूको सहानुभूतिको निम्ति लेख्दछ। वास्तवमा कविता छोराछोरी जस्तै हो जो अरूकै निम्ति जन्माइन्छन्, आफ्नो भागमा त वात्सल्य मात्र रहन्छ – त्यही यथेष्ट छ।

सामान्यत: हामी वैदिक समयकै शब्द लिएर कवि भनिदिन्छौं, परन्तु गायक, कवि र दार्शनिक यी तीनैले कवितालाई लिएर खेलाएका छन्, यो अवस्था संसारव्यापी छ। यस स्थितिमा धेरै विवाद पनि सुनिन्छ, धेरै जना केही सिद्धान्त खडा गर्न पनि चाहन्छन् तर लोक गीत एक किसिमासित बाहिरहेको देखिन्छ।

जो स्वर्गको कल्पना गर्छ त्यो दार्शनिक कि कवि? वैदिक ऋषिहरू उभिएकै ठाउँमा आज हामी उभिएर हजारौं वर्ष अगाडिको त्यो समय र वातावरण हृदयंगम गर्दै उनको सहानुभूतिमा कविता रच्न सक्छौं। कुनै लय संगै – गायत्री वा उष्णिक् वा त्रिष्टुप वा बृहती वा जगती वा वा पंक्ति वा अनुष्टुप्, हो अनुष्टुप्, यसको सरलताले गर्दा यो छन्द निरवच्छिन्न आजसम्म पनि चल्दै आइरहेको छ। अनि अगिल्तिर हेरौं एउटा विशाल पर्वत छ त्यसको टाउकोमा कालो बादल घुम्रिएको छ, त्यहाँ बिजुली चम्किरहेको छ – सिम सिम पानी पनि पर्‍यो – अब गाऔं – इन्द्रको स्तुति –

इन्द्र, पर्वतका राजा, तिम्रो वज्रप्रहारले
कालो वृत्र मर्‍यो, पायो पानीले अब बर्सन।

यस्तै गीत जुग जुगसम्म गुञ्जदै जान्छ, एक एक संगीतज्ञ यसलाई रन् रन् मीठो लयमा गाउन थाल्दछन्, कुनै दक्ष चित्रकारले इन्द्रको एक चित्र बनाइदिन्छ, इन्द्रलाई एउटा नीलो रङ्को मनुष्याकारको बनाई राजाको जस्तो मुकुट लगाइदिएर उनको हातमा वज्रसमेत राखिदिन्छ। दार्शनिकहरू यस श्लोकलाई विभिन्न दृष्टिकोणले हेर्दै जान्छन्, अनि अनेकान्त देख्तै जान्छन्, दर्शनपिच्छे दर्शन बनाउँदै जान्छन्। कवि कल्पना गर्दै जान्छन्: विशाल स्वर्ग खडा हुन्छ, त्यहाँ

ऐरावतजस्तो इन्द्रेनी इन्द्रको रानी इन्द्राणी बन्दछ, जलकणमा सर्ने विद्युत्
पार्थिव
स्वर्गमा सुरक्षित छ।
अप्सरा बन्दछ । कविको त्यस सुन्दर कल्पनाको स्वर्गमा
विश्वासको
पुग्ने निम्ति मानिस मर्दछन् ।
यस्तै
यही छायामा नेपाली कवित्ता प्रादुर्भाव भएको
नेपाली
छ । वातावरणमै विकसित भएकोलाई हामी नेपाली कवित्ता
-को संज्ञा दिन्छौं । हाम्रो देशाभिमानका आधार
कलात्मक वस्तु र वास्तु,
हिमालय, प्राकृतिक सौन्दर्य, वेद, बुद्ध, ऋषिहरू, कपिलादि दार्शनिक
मानदेव, अंशुवर्मा, रामशाह, जयस्थिति, महेन्द्रमल्ल
मुनिहरू, जनकादि राजाहरू, सीता भृकुटी राजेन्द्रलक्ष्मी आदि महिलाहरू,
राजा पृथ्वीनारायण शाह, अमरसिंह बलभद्र आदि वीरहरू, र
र राजा महेन्द्र वीर विक्रम शाह छन् त्यस्तै नेपाली कविताजगत् छ ।
जति जति
कविता सुन्दर हुन्छ त्यसमा बल संग्रह हुँदै जान्छ,
सीता, हेलेन, द्रौपदी, क्लिओप्याट्राहरूको सौन्दर्यले जस्तै
त्यसले संसारमा उत्पात मच्चाउन सक्तछ रामायण,
भगवद्गीता, कुरान, बाइबलहरूले जस्तै, यो अनुभव संसारलाई
स्वच्छन्द लिखित ... गरिरहेको व ... झाँसी जस्तै
जाति जाति
छ । त्यसैले, शक्तिशाली कवितालाई देश देश, व्यक्ति व्यक्ति
घेरा लाएर अङ्कुश प्रयोग गर्दै पालतु बनाउन खोज्दछन्,
थोरै मात्रामा सफल पनि हुन्छन् । किनभने
कवित्व शक्ति
विचारको घेरामा
उच्च भएतापनि आफू कवि सामान्य हुन
फेरि
सक्तछ, त्यस्तै उच्च भावना भएको कवि कवित्वशक्ति
अत्यन्त दुर्बल पनि हुन सक्तछ ।

कविहरूले आजसम्म जुन जुन राष्ट्रको जुन जुन जाति,
धर्म वा सम्प्रदायको, जुन जुन सिद्धान्तको राम्रो कवितामा
प्रचार (प्रोपगयाण्डा) गरेका छन् तिनको
तिनै सम्प्रदाय समाज वा व्यक्तिले
प्रशंसा गरेका हुन्छन् जसजसको स्वार्थ त्यसमा निहित
छ । कुनै कविता कतै उद्धृत हुन्छ त त्यसको सौन्दर्यको
निम्ति होइन आफ्नो सिद्धान्तको समर्थन निमित्त । जसले

जातिसुकै नराम्रो भाषामा कविता गरेको भए पनि हुन्छ
तर आफ्नो सिद्धान्तस्वार्थपूर्ति हुन्छ भने त्यसको प्रतिष्ठा
हुन्छ । यही भावनाले राष्ट्र राष्ट्रमा व्याप्त हुँदै गएको छ ।

यसरी सिद्धान्त सिद्धान्तमा जातिसुकै वादविवाद
चलोस्, ~~अनेक~~ विभिन्न दृष्टिकोणले हेर्दा कविताको सदुपयोग
र दुरुपयोगको आधार नै बदलियोस्, परन्तु कविताले
के भन्छ मा होइन कुन ~~[illegible]~~ प्रकारले भन्छ मा नै
कविताको वास्तविक सौन्दर्य चेतना रहेको हुन्छ भन्ने
मेरो धारणा छ । शिवेले मलाई गाली गरेकोमा म

न सिद्धान्तको आधारमा कविता बनाउन खोज्दा त्यो प्रत्येक अङ्ग राम्रो पार्दापार्दै ऊँट जस्तो नराम्रो पशु बनेको कथा सरह पर्दछ । कुनै ~~[illegible]~~ अङ्गलाई सौन्दर्यको परिभाषा दिन नमिल्दा नमिल्दै प्रति किसी परेको प्रकरणमा पनि कविता स्वयं राम्रो हुन सक्दछ भन्ने मेरो धारणा छ ।

अप्रसन्न रहन सक्दछु, तर त्यसको नारकीय गाली गरेको कविता
दान्तेको 'इन्फर्नो' झैं सुन्दर हुन सक्दछ भन्ने मैले त्यसलाई भाकुर्दछौं, कालिदासका
'रतिविलाप' र 'अजविलाप', शेक्सपियरका 'ओथेलोको
विदा' र 'लियरको विलाप' मा हामी ~~[illegible]~~
मानववादी वा राष्ट्रवादी वा समष्टिवादी, साम्यवादी वा अद्वैतवादी वा अस्तित्ववादी
~~[illegible]~~ वा प्रेरणादायक कुनै अरू विशेष भावनाको प्रयोग
पाउँदैनौं, परन्तु ती कविताको कवितात्मक दृष्टिले संसारको
साहित्यमा उत्कृष्ट छन् ।

यस संसारमा कसैले कसैको व्यक्तिगत जातिगत
समाजगत राष्ट्रगत अथवा मनुष्यगत नै हित गर्ने कविता कसैले
गर्दछ भने त्यो अर्कै कुरा हो, त्यो कविताको आत्मीय मार्गदेखि
भिन्न तृतीय मार्ग हो; ~~त्यस्ता सांप्रदायिक गुण~~
~~अवगुणलाई~~ ती दर्शनका पुस्तकमा, धर्मशास्त्रमा, संगीतशास्त्रमा ~~[illegible]~~
~~[illegible] पुस्तकमा~~ समाजशास्त्रमा, राजनीतिमा, पाठ्यपुस्तकहरूमा
गद्यमा नै लेखिन सक्थे तापनि 'अमरकोष'को हृदयले
पद्यमा नै लेखिऊन्, त्यसमा केही आपत्ति छैन । परन्तु म
फेरि भन्दछु यस्ता सब सांप्रदायिक सब ~~प्राविधि~~ प्रविधिगत सब संस्कार संस्कृतिलाई
छन्दबन्धबाहेक समेत छोडेर पन्छाएर पनि कविता आफ्नै पटमा (आफ्नै

आत्मीय सौन्दर्य(थाक)मा उभिन सक्दछ भन्ने म मान्दछु ।
यस मान्यतामा मलाई विश्वास छ ।

मलाई लाग्दछ यही मान्यतालाई (अँगालेर) [illegible]
आज नेपाली कविता विकसित भएको छ ।
सुन्दरीको [illegible] वर्णनमा लेखिएको कविता नै
सुन्दर हुने, कुनै गन्हाउने स्थानको कविता दुर्गन्धी हुने
होइन; कवितावाट टिपेर सो गाँधी हृदयमा हार बनाउने
योग्य वस्तुत, (रसात्मकअनुभूतिपूर्ण) कवितात्मक [illegible] सौन्दर्यचेतनाजन्य अभिव्यञ्जना
~~मात्र~~ नै हो । तर यो परिभाषा पनि एक संकेत मात्र हो
कुनै निर्दिष्ट सिद्धान्त होइन —

किनभने कविता [illegible] अनादि र अनंत छ, मनुष्य-
समाजसित यो प्रारम्भ भएको हो, मनुष्यसमाजसित मात्र
यसको अंत हुन्छ । जसरी छोराछोरी जन्माउने मानिस छोराछोरी
बनाउन जान्दैन त्यस्तै कविता जन्माउने कविलाई थाहा हुँदैन
कविता कसरी बन्दछ । नत्र अवालेले [illegible] ईंट पारे जत्तिकै
गरी कवि कविता बनाउथे; किन कालिदासले अर्को मेघदूत लेख्न
सकेनन्, देवकोटाले अर्को मुनामदन लेख्न सकेनन्, ग्रेले अर्को
एलीजी लेख्न सकेनन्! — कविता बनाइन्न, बन्छ; [illegible]
कवितामा (जुनकुरा) ठूलो प्रयासले पनि पर्दैन त्यो विना प्रयासले परिदिन्छ ।
सबै बुद्धिमान् छोरो पाऊँ भन्दछन् तर मूर्ख छोरो पाउनेलाई हामी
तिमीले मूर्ख छोरो जन्मायौ भन्दछौं अनि बुद्धिमान् छोरो जन्माउने-
लाई बुद्धिमान् छोरो [illegible] जन्मायौ भन्दछौं । त्यस्तै राम्रो कविता

सृजना गर्नेलाई हामी राम्रो कविता लेख्यौ भन्दछौं । तर
राम्रो कविता लेखूँ को भन्दैन ? — [illegible]
[illegible] (सबै) राम्रो कविता [illegible] फेरि समय समयमा
कविताको मान्यता पनि त भिन्नै भएर जान्छ जस्तो
फेशन बदलिन्छ ।

यसै बेला भन्न सकिन्छ: सौन्दर्यको कृत्रिम पक्ष समय समयमा बदलिन्छ परन्तु प्राकृत पक्ष बदलिँदैन, प्राकृत पक्ष बदलिनालाई मानिसमा नै गुणात्मक परिवर्तन हुनुपर्दछ अथवा क्रोध हास्यमा वा वीर करुणरसमा लिने अर्कै प्रवृत्ति मानिसमा आइसकेको हुनु पर्दछ। त्यस्तो अवस्था नदेखिएकोले त्यही आधारमा हामी होमरले हेलनलाई अथवा व्यासले कुन्तीलाई सुन्दरी भनेकोलाई सुन्दरी नै मान्न सक्तछौं। त्यही आधारमा हामी सुन्दर कवितालाई सुन्दर भन्दछौं।

श्री ५ महेन्द्र :-

(१) हाम्रो साहित्य परम्परालाई नभुलेर,
(२) वर्तमानलाई सम्झेर —
(३) नेपाल र नेपाली समाजको भलाइलाई ध्यानमा राखेर
(४) युग र परिस्थिति सुहाउँदो प्रगति र विकासतर्फ लक्ष्य लिएर

~~साहित्य~~ — रचियोस् —

यही नै आजको हाम्रो देश र जनताको माग छ।

परम्परा — वेद (साहित्य, इतिहास, दर्शन, भूगोल, वास्तुकला, भित्र — शान्ति - शिव)
प्रेम, श्रद्धा, आस्था, सहानुभव -

सरल<br>शान्तिमय<br>सत्य<br>शुद्ध<br>शिव } पञ्चायत

संस्कृति – संस्कार गरिएको सभ्यताबाट उठेको सत्य –

एक – अनेक
अनेक – एक ·

कलमा सियाही
कलमले अन्तर्थ
आरत पाक · · ·

| छन्द | गायत्री | उष्णिक् | अनुष्टुप् | बृहती | पङ्क्ति | त्रिष्टुप् | जगती |
|---|---|---|---|---|---|---|---|
| आर्षी – | २४ | २८ | ३२ | ३६ | ४० | ४४ | ४८ |
| दैवी – | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| आसुरी – | १५ | १४ | १३ | १२ | ११ | १० | ९ |
| प्राजा – | ८ | १२ | १६ | २० | २४ | २८ | ३२ |
| याजु – | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| साम्नी – | १२ | १४ | १६ | १८ | २० | २२ | २४ |
| आर्ची – | १८ | २१ | २४ | २७ | ३० | ३३ | ३६ |
| ब्राह्मी – | ३६ | ४२ | ४८ | ५४ | ६० | ६६ | ७२ |

१९ अक्षर (अतिधृति – शार्दूलविक्रीडितम् – ५२४२८८
१८ अक्षर धृति – सिंहविक्रीडितम् – २६२१४४
कथीनामित नौ रौ चेद्रौ सिंहविक्रीडितम् –

संतुलनको स्थिति जुन छन्दमा पनि चार पाउ हुन्छ – – सब पशु –
वा तीन पाउ – – △ त्रिपाद –
वा ३३ पाउ मान्छेले जस्तो सन्तुलन मस्तिष्कले राखेपछि
१ पाउ – उत्थान हुन्छ
१, २, ३, ४ – – ५
खाने मान्छे त्रिपाद ५२ (५२ पाति –

# दुर्गासप्तशती

– डा. खेमनाथ कोइराला

*[खेम कोइराला 'बन्धु' भनेर पहिले चिनिने विद्वान् खेमनाथ अब डा. खेमनाथ कोइराला भनेर चिनिन्छन्। निकैओटा किताबका लेखक, स्रष्टा खेमजी 'नेपाली' मा भने बडै झुल्केका छैनन्। यसपटक हामीलाई त्यो संयोग जुट्यो। राष्ट्रकविको सप्तशती चण्डीको अनुशीलन गरिएको उनको यो निबन्ध मननीय छ भन्ने हामीलाई लाग्छ।– सम्पादक]*

## विजया दशमी

बडा दसैँ नेपालीहरूको संस्कृतिको प्रतीक बनेको छ। यो अन्याय-अत्याचारको नाश, नैतिकताको प्रदर्शन, आस्थाको प्रतीक बनेको छ। यसले अन्धविश्वास र रुढि कुरीतिको विरोध गर्दै सद्धर्म र विवेक स्थापना गर्न प्रयास गरेको छ। यो कर्मको रूपमा संस्कृतीय बनेर नेपाली जनजीवनमा छाएको छ। यसलाई कुनै धर्म, जातसँग सम्बन्धित नगरी जनताको कल्याणको रूपमा लिनुपर्ने आवश्यकता छ। मातृभक्तिको रूपमा रहेको 'दुर्गासप्तशती'को अनुवाद संस्कृत नजान्ने नेपाली पाठकलाई तुलनात्मक ज्ञान वृद्धिका लागि उपयोगी छ।

हामी कैयौँ कृति तिनको मूल मर्म नजानी अशुद्ध रूपमा पढ्छौँ, घोक्छौँ। अरू धार्मिक कृतिहरू त बिना अर्थ, बिना मर्म पाठ गरिरहन्छौँ। यसै सन्दर्भमा कवि माधवप्रसाद घिमिरेको प्रौढ कवि व्यक्तित्वले अनुवादकका रूपमा प्रस्तुत गरेको यो कृति नेपाली वाङ्मय संसारमा आएको छ। प्रस्तुत कृति 'दुर्गासप्तशती'लाई यहाँ ६ दृष्टिले विशेष उल्लेख गरिएको छ :

१. यो कृति संस्कृतबाट अनूदित कृति हो, जसले प्रौढ कवि माधव घिमिरेको अनुवादकलाको वैशिष्टच दर्साउँछ।

२. यस कृतिले नारीशक्तिको उद्घाटन गर्छ र नारीमहिमालाई मण्डन गर्छ।

३. यसले हिन्दु परम्परामा अन्यायको विरोधको सशक्त प्रतिकार गर्छ र देशभक्तिको महिमालाई उद्घाटन गर्छ।

४. यसले राष्ट्रियता, देशभक्ति जस्ता पक्षलाई जोड दिँदै असुरहरूको विस्तारवादी, साम्राज्यवादी, अन्यायी, दुराचारी स्वभावको चित्रण गर्दै त्यस्ता असुर शक्तिलाई विशिष्ट नारीहरूले हराएको कुरा उल्लेख गर्छ ।

५. संस्कृत भाषामा लेखिएको हुँदैमा प्रतिक्रियावादी हुने र धर्मशास्त्रका कुराजति सबै अवैज्ञानिक भन्ने हुँदैनन् । यद्यपि त्यहाँ पनि शोषण र जातीय पक्षपातका कुरा आएका हुन सक्छन् ।

६. संस्कृतमा लेखिएको तर नेपाली पाठकले अर्थ्याउन कठिन भएको 'दुर्गा सप्तशती' कृतिको मूल मर्मलाई अनुवादकका रूपमा माधवप्रसाद घिमिरेले ज्यादै मार्मिक रूपमा प्रस्तुत गरेका छन् ।

नारीहरूको जीवनका सबै क्षेत्रमा आफ्नो व्यक्तित्वको प्रदर्शन गर्दा शारीरिक श्रम र बौद्धिकताका सन्दर्भमा आफूहरू पुरुषभन्दा कम नभएको बरु आद्यशक्तिको रूपमा रहेको मातृ सत्तात्मक शक्तिको रूपमा रहेको कुरा प्रस्तुत कृतिले दर्साएको छ । नारी स्वतन्त्र अस्तित्व, सामर्थ्य रहेकी पूज्या 'आद्यशक्ति'को रूपमा रहेको छ । हामीकहाँ स्त्रीवाद, आउनु पूर्व नै 'सप्तशती' जस्तो कृति तयार हुनु उल्लेख्य छ ।

दुर्गासप्तशतीको महत्त्व दर्साउने नेपाली कृति कवि माधव घिमिरे (१९७६) (अनूदित) लेखन २००२/परिमार्जन २०५८ सागरमणि आ.दी.को विस्तृत जगदम्बा प्रकाशनको ९५ औं ग्रन्थका रूपमा बजारमा उपलब्ध छ । पृ. ७५ को मूल यस कृतिमा अलग्गै भूमिका मात्र ५५ पृष्ठ छ । यस कृतिको प्रारम्भमा ऋग्वेदीय देवीसूक्त रहेको छ । यसमा देवीको महत्त्व दर्साइएको छ । देवीको महत्ता, नीतिसँग सम्बन्धित कुरा, राष्ट्रियता, साम्राज्यवादी असुरहरूको विरोध कुरा यस कृतिमा दर्साएको छ । 'दुर्गासप्तशती' मा आर्य जातिको सङ्गठन शक्तिको विधान बन्न सक्ने गरी प्रस्तुत छ । यसमा सङ्गठित शक्तिको विशेष वर्णन छ । यसमा राजनीतिको मुख्य सिद्धान्त शक्ति-विज्ञान छ । प्रत्येक व्यक्तिलाई संसारमा कुशलतापूर्वक सभ्य जीवन बिताउन सक्ने राजनैतिक विज्ञानको ज्ञान यसबाट पाइन्छ ।

संसारमा देवताको स्वभाव र दानवीय स्वभाव अलग हुन्छ । देवताको स्वभाव दानव/राक्षस (असुर)को स्वभावभन्दा भिन्न हुन्छ ।

राक्षसहरू अन्यायी, अत्याचारी, डाहाडे हुन्छन् । तिनीहरूको अत्याचारबाट बाँच्न एकत्रित भै सङ्घर्ष गर्नुपर्दछ ।

पुराणमा देवीको आराधना गरेर ऐश्वर्यकामी राजा सुरथले अखण्ड साम्राज्य पाएको बताइएको छ । यस्तै वैश्यले वैराग्यबाट दुर्लभ ज्ञान पाई मोक्ष प्राप्ति गरेको कथन छ । 'दुर्गासप्तशती'मा भगवती दुर्गालाई सर्वमान्य माताका रूपमा विशेष प्रेमपूर्वक श्रद्धा अर्पण गरिन्छ । श्रद्धा भक्तिका साथ जगदम्बा दुर्गाको आराधना गर्नु बडा दसैंको एक महत्त्वपूर्ण पक्ष हो ।

'दुर्गासप्तशती'को प्रथम अध्यायमा मेघाऋषिले राजा सुरथ र समाधिको प्रसङ्गमा भगवतीको महिमा बताई मधु-कैटभ दानवको वध सुनाइएको प्रसङ्ग छ । दोस्रो अध्यायमा देवताहरूको तेजसमेतले देवीको प्रादुर्भाव र महिषासुरका सेनाका वधको कुरा उल्लेख छ । अध्याय तीनमा देवीबाट महिषासुर सेनापति र स्वयं महिषासुरका वधको सविस्तार वर्णन छ । अध्याय चारमा इन्द्र आदि देवताहरूद्वारा देवीको स्तुति गरिएको छ । अध्याय पाँचमा देवताहरूले चामुण्डाद्वारा देवी अम्बिकाको रूपको प्रशंसा सुनेर बिहेको प्रस्ताव साथ दूत पठाएको प्रसङ्ग छ । छैटौँ अध्यायमा देवीद्वारा धूम्रलोचन वधको उल्लेख छ । अध्याय सातमा चण्ड र मुण्डको वध र अध्याय आठमा रक्तबीजको वध सविस्तार उल्लेख छ । अध्याय नौमा निशुम्भको वध, अध्याय दसमा शुम्भ वधको कुरा वर्णित छ । एघारौँ अध्यायमा देवताहरूद्वारा देवीको स्तुति र देवीद्वारा देवताहरूलाई वरदान दिएको कुरा उल्लेख छ । अध्याय बाह्रमा देवी चरित्रको पाठ (स्तुति) महात्म्य, अध्याय तेह्रमा राजा सुरथ र व्यापारी वैश्यलाई देवीबाट प्राप्त वरदानका बारेमा उल्लेख गरिएको छ ।

'दुर्गासप्तशती'मा पहिलो अध्यायमा १०७, दोस्रो, ६९, तेस्रो, ४४, चौथोमा ४२, पाँचौँमा १२९, छैटौँमा २४, सातौँमा २७, आठौँमा ६२, नवौँमा ५६, दसौँमा ३२, एघारौँमा ५५, बाह्रौँमा ७२, तेह्रौँमा २८ श्लोक रहेका छन् । यी श्लोकमध्ये मार्कण्डेय ऋषिले भने, वैश्यले भने, राजाले भने, ब्रह्माले भने, भगवान्ले भने, देवीले भनिन्, देवताले भने, दूतले भन्यो ५४ श्लोक विभिन्न अध्यायमा छन् । अर्द्धश्लोक विभिन्न अध्यायमा ४२ रहेका छन् ।

'दुर्गासप्तशती'मा उवाच– ६, अर्द्धश्लोक– ११, श्लोक– १२, एवं २८, श्लोक ५३२ अवरानादि ६६ गरी ७०१ श्लोक रहेका छन् । यसमा १ हरपे श्लोक पनि रहेका छन् ।

विजया दशमी/बडा दसैँमा 'दुर्गासप्तशती'को पाठ अत्यन्त महत्त्वपूर्ण पक्ष हो । माता पार्वतीदेवी महात्म्यमा श्लोक, अर्धश्लोक, उवाच गरी सम्पूर्ण ७०० मन्त्र रहेका छन् । यी मन्त्रहरूबाट जगदम्बाले अर्थ, धर्म, काम, मोक्ष गरी चार पुरुषार्थ प्रदान गर्ने कार्य हुन्छ भन्ने विश्वास रहेको छ । महाकाली दसभुजा, महालक्ष्मी अष्टादश भुजा, महासरस्वती, अष्टभुजा रहेको प्रचलित धारणा छ ।

'दुर्गासप्तशती'मा कालीको स्वरूप यसरी वर्णन गरिएको छ–

*लिँदी विचित्र खट्वाङ्ग धर्दी राघे बगम्बर*
*लाउँदी मुण्डको माला हद्द दुब्ली भयङ्कर*
*जिब्रो ल्याम्ल्याम् चलाएर हाम्राङे मुख बाउँदी ।*
*आँखा राता गडेकी र चर्को डाँको फिजाउँदी ।* (७।६-८)

शासकले/राजाले प्रजा वा जनतालाई, छोराछोरीझैँ पालन गर्नुपर्ने कुरा उल्लेख गरिएको छ–

*"आफ्नै छोरासरी गर्थे ती प्रजालाई पालन* (श्लोक ५)
*देशमा राजा कमजोर भएमा देशको दुरावस्था कस्तो हुन्छ"*

भन्ने कुरा यसरी चित्रित छ–

*राजा कम्जोर देखेर दुष्ट मन्त्रीहरू उठे,*
*लुटे फौज, लुटे कौशी त्यति राज्य पनी लुटे* ॥८॥

धनसम्पत्ति पनि दुस्मनीको कारण बन्छ भन्ने यथार्थलाई 'दुर्गासप्तशती'ले दर्साएको छ–

*धनीको कुलमा जन्मेँ समाधि वैश्य नाम हो ।*
*निकाले धनका लोभी दुष्ट स्त्री पुत्रले अहो !* ॥श्लोक २१ ॥

'दुर्गासप्तशती'ले बन्धुसँगको मायाममताप्रति प्रश्न चिह्न उठाएको छ । राजा सुरथ भन्छन् पृ. ५–

*राजपाठ गयो सारा, ममता छ अझै किन ?*
*जानी जानी पनि बन्छु अज्ञानीसरिको किन* १/४२

मार्कण्डेय ऋषिका विचारमा

*हुन्छन् मान्छेसरी ज्ञानी पशुपन्छीहरू पनि*
*पशुपन्छीसरी ज्ञानी हुन्छन् मान्छेहरू पनि* १/५०

'दुर्गासप्तशती'मा देवीको महत्तालाई यसरी दोहोऱ्याइएको छ, मार्कण्डेय ऋषिअनुसार-

*देवी नै सिर्जना गर्छिन् यो सम्पूर्ण चराचर*
*मान्छेलाई उनै दिन्छिन् खुसी भै मुक्तिको वर।* ५६

संसारलाई भुलाउने, चलाउने महामाया देवी नै हुन्, अरू होइनन् भन्ने कुरा कृतिमा छ-

*हुँदा हुँदै पनि ज्ञान महामाया भुलाउँछिन्*
*संसारी यस मायामा यो संसार चलाउँछिन्*
*ममता भुमरीतुल्य मोह खाडलतुल्य हो।*
*रिङ्छन्, डुब्छन् त्यहीँ सारा यो उनैको प्रभाव हो।* १/५३

योगनिन्द्राका रूपमा सृष्टि गर्ने, पालन गर्ने, संहार गर्ने मूलतः उनै देवी हुन् भनिएको छ-

*आँखामा विष्णुको बस्दी योगनिद्रा बनी स्वयम्*
*सृष्टि गर्दी, सृष्टि भर्दी, सृष्टि हर्दी पनि स्वयम्।* १/७०

अरू त के ब्रह्मा, विष्णु र महेश्वरको रचयिता पनि महामाया देवी नै भएको कुरा तिनबाटै ईश्वरले मानेको कुरा उल्लेख छ। ब्रह्मा भन्छन्-

*तिमीले नै रच्यौ हामी ब्रह्मा विष्णु महेश्वर*
*जानेर महिमा तिम्रो स्तुति को गर्न सक्छ र?* १/८४

देवी अत्यन्त सुन्दरीका रूपमा देखापर्छिन् जसको सौन्दर्य अनिन्द्य छ। महिषासुरले देवी देख्दा परेको प्रभाव-

*देख्यो त्यल्ले त्यहाँ देवी- जगतै जग्मगाउँदी*
*कोल्ट्याई पाउले पृथ्वी स्वर्ग श्रीपेचले छुँदी।* २/३८

ऋषिको कथनमा महिषासुरको वध गर्न देवीले अर्कै स्वरूप ग्रहण गर्नु पऱ्यो। उनले रणचण्डीसम्म हुनुपऱ्यो–

*रणचण्डी रिसाएर आँखा लाल गरी गरी*
*मदिरा भीरमौरीको प्युँदै हाँसिन् घरीघरी।* ३/३४

ऋषिले देवीबाट महिषासुरको वध भएपछि इन्द्रादि देवताद्वारा देवीको स्तुति गरिएको निम्नानुसार छ–

*धर्मीको मनमा सुबुद्धि घरमा बस्छौ सुलक्ष्मी बनी*
*पापीको मनमा कुबुद्धि घरमा बस्छौ अलक्ष्मी बनी ।*
*श्रद्धा सज्जनमा, कुलीन जनमा छौ लाजकी भावना*
*हे देवी ! गर पालना सकलको- यै गर्दछौँ प्रार्थना । ४/५*

यसरी चौथो अध्याय देवीको स्तुतिमा केन्द्रित गरिएको छ ।

*जो देवी सब प्राणीमा बस्छिन् 'माता' बनीकन*
*नमोनमः तिनैलाई नमोनमः नमोनमः ७१/७३*

पाँचौँ अध्यायमा समेत देवीको स्तुति गरिएको छ । यस अध्यायमा मूलतः मूल संस्कृतलाई शब्दानुवादका रूपमा लिइएको छ । देवी शुम्भ राक्षसलाई भन्छिन्–

*संसारमा म यौटै छु, अर्को मदेखि को छ र ?*
*हेर् दुष्ट ! पस्तछन् मैमा मेरा विभूति आखिर । १०/५*
*ब्राह्मी आदि सबै शक्ति देवीका अङ्गमा मिली*
*सारा लय भए, देवी रहिन् केवल एकली । १०/६*

यसबाट स्पष्ट हुन्छ देवी अरू सबैको शक्ति पाएर सबल भएकी हुन् । देवी शक्तियुक्त भएकीले अरूलाई रक्षा गर्न स्तुति गरिएको छ–

*हर्छ्यौ विपत्, हुन्छ भने प्रपन्न*
*होऊ जगत्की जननी ! प्रसन्न*
*यो विश्वकी स्वामिनी हे, अनन्य,*
*यै विश्व रक्षा गर भै प्रसन्न । ११/३*

ऋषिअनुसार देवताहरू निम्नअनुसार स्तुति गर्छन्–

*सृष्टि, पालन संहार गर्दी शक्ति सनातन*
*गुणमूर्ति गुणाधारा-नारायणि ! नमोनम : । ११/११*

देवीको महिमाको सम्बन्धमा देवताहरू स्तुति गर्दै भन्दछन् :

*हे विश्वेश्वरि ! देवी विश्व सब यो गर्छ्यौ तिमी पालन*
*आफैँ विश्व बनेर विश्व सब यो गर्छ्यौ तिमी धारण*

*छौ विश्वेश्वरले समेत सहजै मान्ने तिमी निश्चय*
*तिम्रा नम्रित भक्त विश्वजनको बन्छन् स्वयं आश्रय। ११/३३*

x x x

*तिमी त्रिलोककी मान्या, पाउ पर्छौं-प्रसन्न ह्वौ*
*हरी त्रिलोकको बाधा, वर त्रिलोकलाइ द्यौ। ११/३५*

देवताको स्तुति पछि देवताहरूलाई आश्वासन दिँदै देवी भन्छिन् :

*देलान् दानवले बाधा जैल्ये जैल्ये यसै गरी*
*तैल्ये तैल्ये म आएर मार्नेछु ती सबै अरि ११/५५*

देवीको अघि कथन छ–

*नित्य यै स्तुतिले गर्छ स्तुति जो एक चित्त भै*
*त्यसका सब बाधा म हरिदिन्छु अवश्य नै। १२/२*

देवी चरित्रको महात्म्यका सम्बन्धमा ऋषिको कथन छ–

*संहारमा महामारी, सृष्टिमा सिर्जना बनी*
*स्थितिमा स्थिति प्राणीकी उनै देवी सनातनी। १२/३९*

तपस्याबाट देवी प्रसन्न भएपछि राजा सुरथ र वैश्यले–

*मागे सुरथले- राज्य अविनाशी परत्रमा*
*अकण्टक यही राज्य शत्रुनाशी वरत्रमा। १३/१७*

x x x

*मागे वैराग्यले गर्दा वैश्यले ज्ञानकै वर।*
*मेरो भन्ने, म हुँ भन्ने फन्दा छुट्ने सबैतिर। १३/१८*

यसरी देवी महात्म्य उल्लेख छ।

आर्य देशमा मात्र नभई भूमण्डलभर महाशक्तिको उपासना प्रचलित छ। शक्तिबिना कोही शक्तिमान् हुन सक्दैन। शक्तिलाई आधा प्रकृति, आदिशक्ति, चिच्छक्ति, महामाया भनिन्छ। ब्रह्माण्डको सारा प्रपञ्च शक्तिबाट रचिन्छ, कायम रहन्छ र नासिन्छ।

भिन्नभिन्न शक्तिपुञ्जको विराट् समुदाय 'आद्याशक्ति' हो यही तत्त्वको आराधना हिन्दु जातिले गर्छन्।

मानवजातिको आत्मगौरव र मानव शक्तिको सङ्गठित प्रभावले संसारमा कार्य गर्न सक्छ।

स्वराज्य पालन रूप, स्वधर्मको पालना गर्ने राज्य च्युत राजा सुरथको र राज सञ्चालन निष्काम मुक्तिको कामना गर्ने वैश्य र साहु समाधिले शक्तिको सामर्थ्य बताएको छ ।

ऐक्य शक्तिको महात्मा प्राचीनकालमा आर्यहरूले मानव धर्मको प्रचार गरेर शान्ति स्थापना गरेका थिए । केही समयपछि आर्य बाह्य संसार विमुख भए । आर्य जातिहरूमा प्रमोद, आलस्य र असावधानका परिणामतः असुर जाति प्रबल हुँदै आएर उनीहरूले मानवता र त्यसको प्रचारक तथा संस्थापक आर्यहरूको देशमाथि प्रहार गर्ने आँट गरे । त्यसबेला देशको सैन्यबल काम लागेन कारण जनता जनार्दन मोह निद्रामा थिए । प्रमाद, असावधानी र आलस्यको विरोधमा सबै एकजुट भएका पुनः आसुरी अत्याचारी प्रवृत्ति राक्षसहरूलाई जिती राजा सुरथ राज्य चलाउन लागे ।

असुर विदेशी, साम्राज्य विस्तारको कारणले आर्यको जाति संस्कृति र धार्मिक प्रवृत्ति नाश भएकाले राज्य प्राप्तिका लागि सबैले परस्पर भेदभाव कलह फाली एकजुट भै काम गरेर परस्पर मतभेद र जातीय विरोध त्यागेर काम गरियो । यसको लागि महाशक्ति देवीको अवतरण भयो । ऋषि भन्छन्–

*देवताबाट निस्केको अतुल्य तेज आखिर*
*हेर्दाहेर्दै बन्यो नारी त्रिलोकै पारि तिर्मिर २/१३*

देवीको सौन्दर्य, साहस, स्वरूपका सम्बन्धमा ऋषिको कथन–

*देख्यो त्यल्ले त्यहाँ देवी जगतै जगमगाउँदी ।*
*कोल्टयाई पाउले पृथ्वी स्वर्ग श्रीपेचले छुँदी । २/३८*

आर्यहरूको सम्मिलित शक्तिका प्रभावले असुर-साम्राज्यको पतन भयो । आर्यहरूले आफ्नो गुमेको राज्य प्राप्त गरे ।

शुम्भ निशुम्भले दानव जातिको पक्षपात निरङ्कुश साम्राज्य प्रभुत्व बनाउन खोजे । यसको विरुद्ध हिमालमा भेला भए, जुनसुकै देश, जाति वा धर्मको प्रतिष्ठा एकतामा नै रहन्छ । एकताको जस्तो बल अरू कसैमा छैन ।

"जुन देशमा एकता रहन्छ, त्यस देशका सङ्कटरूपी सब रोग नाश हुन्छन् ।" (सागरमणि भूमिका पृ. ४५)

यसमा तिन चरितमा वर्णित देवासुर सङ्ग्रामको कथाले समस्त भूमण्डललाई एकता स्थिर गरी मानवता र भ्रातृत्व भाव जोड दिँदै साम्राज्य र अन्यायको प्रतीक राक्षस/असुर प्रवृत्तिको हार देखाएको छ।

मार्कण्डेय पुराणअनुसार राजा सुरथले दुर्गा पूजाको प्रथा चलाएका थिए। आधुनिक दुर्गा पूजाको प्रवर्तक श्रीराम हुन्। उनले दशमीमा दुर्गा उपासना गरेर जनताको सङ्गठनबाट ऐक्यशक्ति प्राप्त गरे। त्यस समयदेखि नै आसुरी शक्तिमाथि दैवी शक्तिले विजय प्राप्त गरी विजया दशमीको उत्सव मनाउने प्रथा चलाएको सन्दर्भ उल्लेख छ।

राम-रावण युद्ध दैवी शक्ति र आसुरी शक्ति, आर्य र अनार्य संस्कृतिको सङ्घर्षको कथा हो। मानवताले दानवतामाथि विजय पाएको इतिहास हो।

चण्डी दुर्गाको पर्यायवाची शब्द हो। दुर्गा, काली, चण्डिका आदि ऐक्यशक्तिका नाम हुन्। दुर्गा तत्त्व रहस्य यही हो। देशमा छरिएर रहेका जाति जनजाति सबै एकजुट भए मात्र पराइसँगको लडाइँ जित्न सकिन्छ भन्ने यसको सन्देश हो।

असीम बलधारणी, अनन्तशक्ति सम्पन्न, दिव्य तेजमयी दुर्गा, लक्ष्मी, सरस्वतीको शुद्ध हृदयले उपासना गर्नुपर्छ। संसार शक्तिशालीलाई मान्छ, उसकै आदर गर्छ, शक्तिकै उपासक छ, शक्तिमै अडेको छ।

*सृष्टि, पालन, संहार गर्दी शक्ति सनातन।*
*गुण मूर्ति ! गुणाधारा ! नारायणि ! नमोनमः !*
*शरणागत दुःखी र दीनको गरि रक्षण*
*साराको कष्ट हर्ने हे- नारायणी नमोनमः। ११/१२*

घिमिरेको सुन्दर अनुवाद

*जल्ले सङ्ग्राममा जित्छ, जो सेखी झार्न सक्तछ*
*काँटमा पुग्छ जो मेरो त्यै स्वामी बन्न सक्तछ। ५/१२०*

यहाँ देवीको कथन प्रभावकारी रूपमा रहेको छ।

अन्त्यमा माधवप्रसाद घिमिरे अनुदित 'दुर्गासप्तशती'ले नेपाली जाति मात्रमा राष्ट्रिय एकता, अखण्डता, स्वतन्त्रता, सार्वभौमिकताका लागि एक सशक्त सन्देश दिन्छ। यस्तै यसले विदेशीले, साम्राज्यवादीले आक्रमण गरेमा सबैले एकत्रित भै सामना गर्नुपर्दछ भन्ने आफ्नो

मान्यता राख्छ । अन्यायको सदैव हार हुन्छ, शक्तिको उपासनाले विजय हुन्छ, भन्दै देवीको उपासनाबाट इच्छित वर प्राप्त गर्छ भन्ने कुरा उजागर गर्छ ।

'दुर्गासप्तशती'लाई नेपालीमा अनुवाद गरेर माधवप्रसाद घिमिरेले नेपाली मात्रको साहित्यिक योगदान गरेको कुरा बिर्सन सकिँदैन । घिमिरेको यो अनुवादगत योगदान उनको निम्न अनुवाद उद्धरण गर्दै स्तरीय अनुवादको प्रशंसासाथ टुङ्ग्याउन अनुमति चाहन्छु ।

*त्रैलोक्य इन्द्रले पाऊन्, देवता पनि घ्यू चरु ।*
*बाँच्न इच्छा भए, फर्क पातालैमा तिमीहरू ॥ ८/२६*
*देखाई शक्तिको सेखी जोरी खोज्छौ भने सब ।*
*आओ लड्न शिवादेवी अघाऊन् मासुले अब ॥ ८/२७*

x x x

घिमिरेको सुन्दर अनुवादले नेपाली अनुवाद साहित्यमा एक महत्त्वपूर्ण आयाम थपेको तलको उद्धरणबाट स्पष्ट हुन्छ–

*'चपर्चण्डी ! नफर्माऊ यस्तो मेरै समक्षमा*
*निशुम्भ शुम्भको साम्ने टिक्ला को मर्द लोकमा ?' ५ ।१२३*

*(पृ. ३७)*

यस कृतिले सत्यको विजय नारी जातिको वीरताले साम्राज्यवादीहरूको 'हार' जस्ता कुरालाई सशक्त ढङ्गले दर्साएको छ । 'दुर्गासप्तशती' चण्डीका ७०० श्लोकले आद्यशक्ति 'दुर्गा'को परम्परालाई हाम्रा स्त्रीवादीहरूले आधुनिक सन्दर्भमा लिने र अत्याचार, दुराचार विरुद्ध सबै सजग भै राष्ट्रिय एकता सुख कल्याणको कामना गर्नु, नैतिकतापूर्ण शासन गर्नु अनावश्यक वस्तुमा लोभ नगर्नू भन्ने सन्देश दिएको छ। यस्तो कृतिका अनुवादक घिमिरे, भूमिका लेखन गरी नेपाली भाषामा कृतिको ज्ञान गराउने सागरमणि र प्रकाशित जगदम्बा प्रकाशन बधाईको पात्र छ ।

# अनुभूति उपहार मेरो यो

– तेजेश्वरबाबु ग्वंग

*['नेपाली'का लागि तेजेश्वरबाबु भन्ने नाम नौलो होइन। पूर्णाङ्क १४६, १७८ र १८५ मा उनी यसभित्र झुल्किसकेका छन् । उनको नेपाली लेखाइको शैली नितान्त नौलो छ भनेर पनि हामीले टिप्पणी गरेका छौँ यिनै पृष्ठहरूमा । आज ग्वंगज्यू एउटा इतिहास बोकेर देखापरेका छन् । अमेरिकाको कुरा तर एकदमै नेपाली परिवेश । तेजेश्वरबाबु चाहिँदो ठाउँमा प्रशंसा गर्छन्, अतिशयोक्ति गर्दैनन् । त्यो उनको विशेषता हो । त्यही कुरा यस लेखमा पनि देखिएको छ तर एकदम नौलो स्वादमा । लेख पढेर कसैले टिप्पणी गरे हुन्थ्यो । सम्पादक]*

आफ्नै जीवन अनुत्पादक लागिरहेथ्यो । लेखकीय जीवनको उत्पादकत्व आफैसित सिकिरैछु । यस घडी नगेन्द्रजीको 'कथा क्यानाडाको' मनमनै वाचन गर्दै थिएँ। सखारै पढ्नु आफैलाई हौस्याउनु हुँदो रैछ। आफैसित परामर्श गर्दै थिएँ। परिच्छेद हुन् यिनै :

"नेपालमा राणाकालको आखिरी चरणका 'डाइरेक्टर जनरल अफ् पब्लिक इन्स्ट्रकसन' थिए मृगेन्द्रशमशेर ज.ब.रा.। सात सालपछि उनी नेपाल त्यागेर भारततिर छिरेका थिए। कलकत्तामा बसेर केही समय गोर्खादल खोलेर राजनीति गर्न चाहेका थिए । पछि छोरा भरतशमशेरसित ठ्याक नमिलेर बेलायततिर लागेका भन्ने कथा त मैले धेरै अघि सुनेको थिएँ। तर लन्डन र पेरिसमा छँदा फ्रेन्च वाइनको थोक व्यापार पनि गर्ने गरेका थिए भन्ने चैँ थाहा पाइएको थिएन। बेलायतका बैङ्कहरूमा राखेका करोडौँ रुपियाँ तिनै वाइनहरूमा लगानी गर्थे रे । क्यालिफोर्नियामा आएपछि पनि त्यो व्यापार छाडिहालेका रहेनछन् । लियो रोजको सम्पर्कले उनलाई क्लालिफोर्नियामा तानेको रहेछ । नेपाल बारेका आफ्ना पुस्तक लेख्नमा तिनले मद्दत गरिहाल्छन् कि भनेर होला । उनलाई कुन्जरजीहरूले पनि नेपालबारेका आफ्ना अनुभवहरू लेख्न धेरै चम्काएका रहेछन्। तर धेरै राणा दाजुभाइहरूको पोल खोलिन्छ भन्ने डरले लेख्न मानेनन् रे।"

यतिखेर पढ्दाको अनुभूति आत्मसात् गर्ने तरखरमा छु। पढ्नु जान्नु मात्र रैनछ। प्रेरणाको स्रोत पनि हुँदो रैछ। मृगेन्द्रशमशेरसितको छेस्को उघ्रन थाल्यो। उघ्रन थालें। मानौँ म भन्ने जन्तु बाछो बनेछु। डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रकसन मृगेन्द्रशमशेरलाई २००१ सालदेखि प्रत्यक्ष देख्ने गरेको झल्यासिन थाल्यो। त्यही साल एक कक्षामा भर्ना भएथें। विज्ञान पाजुले मलाई भक्तपुर इङ्लिस स्कुलमा राखिदिनुभयो। विज्ञान पाजु र विश्व पाजु दुवै मामा। मेरो यो जुनीको पुनर्जीवन दाता थिए। आमाबाबुले जन्म दिए। मामाहरूले पुनर्जीवन। शिक्षादीक्षाको सँघारमा पुऱ्याउनु पुनर्जन्म बन्यो। तत्कालीन भक्तपुर इङ्लिस स्कुल २००३ सालमा श्रीपद्म हाई स्कुल बन्न पुग्यो। तिन कक्षामा थिएँ म। स्कुल तापालाछी भक्तपुरमा थियो। धनजवानी बसेर सूर्यबहादुर 'पिवा:'का पुर्खाले गुमाउनुपरेको त्यो स्कुलघर। सरकारी बन्न पुग्यो। अनि स्कुल।

डाइरेक्टर जनरल मृगेन्द्रशमशेर श्री ५ महाराजाधिराज, श्री ३ महाराजको जन्मोत्सवका अवसरमा विद्यार्थीहरूलाई मिठाईका पोकाहरू वितरण गर्न आउनुहुन्थ्यो। मोटाघाटा जिउ, बाटुला आकृति, गोरो, रातापिरो रङ्ग, चस्मा लाएका, समरवाल टोपी, मयलपोस सुरुवाल, वेस्टकोट, कोट शारीरिक व्यक्तित्व। २०२५ साल माघतिर। जनरल मृगेन्द्रशमशेर तथा रानीसाहेबलाई बर्कले, क्यालिफोर्नियामा भेटेथें। लियो रोजले आफ्नै घरमा दिएको आतिथ्य। नसालु पेय पदार्थरहित। पन्च बनाइएको रसपान। वहाँहरूले केही लिनुभएको थिएन। पन्च लिएर म अगाडि परें। "जरसाहेब के लिनुहुन्छ ?" सोधें। "तपाईंले के लिनुभयो ?" प्रश्न फर्क्यो। "पन्च हजुर।" ए ! हामी नि त्यै लिउँला। "म टक्र्याउँला", दुइटा पन्च हातैमा थमाएँ। "धन्यवाद !" पाएँ। ग्रहण गरें। अनेक फल रस। हो न हो रङ्गरस मिसिएको। मिस्कट सर्बत। आफै मिस्कट सर्बत-पन्च बनेझैं लाग्न थालेथ्यो।

मेरो भक्तपुरे बाल अनुभूति बिसाएँ। राजा जयपृथ्वीबहादुर सिंह र रानीसाहिबाको संक्षेप जोडें। विश्व पाजुमार्फत सिकेजानेको विवरण पस्काएँ। जुद्धोदय हाईस्कुलको अनुभूति पोखें। २००५ सालमा पाँचै कक्षाको विद्यार्थी। पुस्कर मारवाडी र राजेन्द्र श्रेष्ठ पाँच कक्षा 'बी' सेक्सनको कोठाबाहिर उभिएर च्याइरहेको रैछ। रामलाल

मानन्धरज्यू जियोमेट्री । रेखागणित पढाउँदै गरेको । साथीहरूलाई जिस्क्याएछन् । रिसले चूर मास्टर तिनीहरूमाथि खनिन पुगेछन् । दुवै भागे। रिसले चूर सर ढोकैनिरको खाल्डोमा खुरमुरिए। आफ्ना गुरुप्रति सद्भावना र सहानुभूति राखेर पुष्कर र राजेन्द्र श्रेष्ठहरू रामलाल मानन्धरलाई उठाउन पुगे। मास्टरसाहेबले दुवैलाई कठालो समाएर कक्षाभित्र घिसारे। भक्कुमार चुट्नु चुटे। जिउभर नीलडाम। घर पुग्दा रुवाबासी। इन्द्रप्रसाद श्रेष्ठ किलागल टोलका साहू। मट्टीतेल भन्डारण उनको व्यवसाय। मट्टीतेल भन्डारण उनको कार्यकक्ष। बाहिर मट्टीतेलको थोक व्यापारी। भित्रभित्र राणा विरोधी। पुष्कर मारवाडी। मार वाडबाट नेपाल पसेका कपडा पसले। मखनटोलको पुछार हनुमान्ढोका जाने मोडको पसले।

दुवैका पिताहरू बबरमहल पुगेछन् । डाइरेक्टर जनरल मृगेन्द्रलाई बिन्तीभाउ वृत्तान्त बिसाएछन्। उत्तिनै खेर रिसल्ला (घोडचढी पुलिस) पठाएर मास्टरलाई बोलावट गरेछन् । क्या तदारुकता ! रामलाल मानन्धरज्यू हुकुम शिरोपर गर्दै आएछन् । जरसाहेबको कड्के मर्जी थियो; "ए मास्टर! तिमीलाई अर्काको छोरा चुट्न मास्टर बनाएको हो ?" "बिराएँ, सरकार माफी पाऊँ ! अब फेरि गर्नेछैन;" स्थिति सापेक्ष बिन्ती चढाइले डाइरेक्टर जनरल साम्य भए। समस्या तत्काल समाधान भयो। "जागीरबाट बरखास्त हुनुपर्ला। होस गर।" जरसाहेबको हुँकारमा त्यसबेला मास्टरसाहेबको सुरुवाल निथ्रुक्क भिजेको सुराक मैले राजेन्द्र श्रेष्ठबाट पाएथेँ। तत्कालीन बेहोरा यस्तै। मनमनै कथेँ; "त्यस अवस्थामा सबैको हालत त्यस्तै हुँदो हो। जीवन सापेक्षता यिनै त हुन्।"

श्री पद्म हाईस्कुलको भक्तपुरे विद्यार्थी लीलामय मिठाईको स्वाद जनाउन पुगेथेँ।। राजा जयपृथ्वीबहादुर सिंहका केही सन्दर्भ जोडेँ। राजा जयपृथ्वीबहादुर उहाँको साखै फुफाज्यू। श्री ३ महाराज चन्द्रशमशेरका छोरी-जुवाइँ । पढेलेखेका समयसापेक्ष विद्वान्, गोरखापत्रका पहिलो प्रवर्तक सम्पादक । अङ्ग्रेजीका धारावाही लेखन प्रवचनकर्ता । श्री ३ चन्द्रका जुवाइँ भएर पनि आफ्नै ससुराको एकतन्त्री शासनका कटु आलोचक । वर्ल्ड फेलोसिप आफ फेयर संस्थागत सम्मेलन सेप्टेम्बर, १९३३ द्वितीय धार्मिक संसद्, सिकागो । उनका ६ ओटा

चालिस पेजको सम्भाषण। पढेथेँ। पन्चको चुस्की साथ मनलाई मिसाउन पुगेँ। नेपालमा त्यसताका पञ्चायत राजकाज थियो। आठ वर्षपारिको राज्यव्यवस्था।

राजा जयपृथ्वीबहादुर नितान्त विद्वान् महापुरुष। उनको सम्भाषण, सम्बोधनका अभिव्यक्तिहरू पढेर चिनेथेँ। ओजस्वी अभिव्यक्ति, शालीन व्यक्तित्व अलि मङ्गोलाइड आँखाहरू, हँसिलो नेपाली चेहराले देश र देशबासी नेपाली अनुहारलाई प्रतिनिधित्व अझै गर्दछ। MY PRINCIPLE OF HUMANISM पढ्दा छोएथ्यो मन। छुने र छोएका अभिव्यक्ति कति सुन्दर, सुकुमार अनि ओजस्वी। उद्धरण गर्न मन लाग्छ, सबै सहृदय पाठक निमित्त।

"यी सबै कुराको ज्ञान हुँदाहुँदै पनि कहिलेकाहीँ हामी त्यस्ता कार्य गर्न तत्पर हुन्छौँ, जसले आफ्नै जीवन, खुसी र सुखलाई समेत खतरामा पार्दछन्। यसैलाई म "पशुता" भन्दछु। अनि हाम्रो दीर्घायु, सुख र खुसीलाई बढाउन प्रतिपादित बनाइएका ती सबै सिद्धान्तहरू नै 'मानवता' हुन्।"

सारांश मात्र यी। वाक्यवाक्य यस्तै यस्ता। मार्मिक हृदयस्पर्शी, प्रभावकारी। पढूँपढूँ लाग्दो। चिन्तनमग्न तुल्याउँदो।

मृगेन्द्र जरसाहेबले आफ्ना स्वरहरू पुऱ्याउन थाले। मनको बह पोख्न सुहाउँदो स्रोता चाहिँदो रैछ। आफैसित सिकेथेँ। त्यही पो अनुभूति बन्दो रैछ। बन्यो। भक्तपुर इङ्लिस स्कुल बनाम श्री पद्म हाईस्कुलमा थापेको रोटीको पोकोको सन्दर्भ। मिठो माने। भने :

"हामीले शिक्षाबाट जनतालाई अलग्याउन चाहेका थिएनौँ। रोटीको पोको माग्नु त बालक-विद्यार्थीलाई आकर्षित गर्नु थियो। दान कहाँ हो र? बिस्तार बिस्तार स्कुल, पाठशालाहरू खुल्दै थिए। परिवेश त्यस्तै थियो। क्रान्ति भयो। हामीले छाड्नु पऱ्यो। परित्याग गऱ्यौँ। दलीय व्यवस्था आयो। हामीले नि गोरखा परिषद् गठन गऱ्यौँ। नेपालमै रह्यौँ। नेपाल नै बनाऔँ। चाहेथ्यौँ। २०१७ साल आयो। नेपालमै उद्योग गरौँ। व्यवसाय गरौँ। चाहना नै थियो। जी.एम.सी. खोल्यौँ। सिमेन्ट उद्योग गर्न चाह्यौँ। सिमेन्टको पोल/लट्ठा उद्योग चलायौँ। नचाहिँदो झन्झट दिनु, उल्झन खडा गर्नु सरकारी

रवैया बन्यो । नेपाल बनाउन नेपाली उद्योगधन्दा बढाउनमा भन्दा राणाको सम्पत्ति सखाप गर्ने अभिप्रायको पिङ मच्चियो । अनि नेपाल छाड्न बाध्य भयौं ।"

सुन्दासुन्दै अरू जान्ने रहरको लहरले छोप्यो । पन्चग्लास हातहातमा थियो । जरसाहेबले भन्दै गए:

"साठी हजार डलरमा घर किनेर यतै बसेका छौं। कहिलेकाहीँ तपाईंहरू जस्ता नेपालीहरूसित भेट हुन्छ। लियो रोजले माया गर्छन्। बोलाउँछन् । आउँछौं ।"

वर्कलेको त्यो घर धेरै हदसम्म नेपाली शैलीमा थियो। पौभाचित्र भरेङ, झ्याल र टुँडालहरू जस्तै । लियो रोजसित भनेथें :

"डाक्टर रोज तपाईंको घर पस्दा नेपाल पुगेझैं लाग्यो ।"

"किन र ?"

"घरको निर्माणशैली, टुँडालहरूका जडान, भरेङ र बरन्डा आदि ।"

अनि नेपाली नेपाली मात्र बिचको भेटघाट, कुराकानी। त्यसमाथि जनरल मृगेन्द्र दम्पतीसितको प्रत्यक्ष दर्शनभेट ।"

डाक्टर रोज नि प्रफुल्ल बनेथे। भने- "यो ठाउँको नामै दक्षिणकाली राखेको छु। जाऔं बाहिर। देखाउँछु ।" बाटो छेउको यामान रुखको मूल डाँठमा DAKSHYNKALI प्लेट टाँगिएको पाएँ। घरमा आएका पाहुनालाई सत्कार्ने यो अमेरिकी आतिथ्य संस्कारै बनेको छ। गाडीको गराजदेखि COMFORT ROOM, BED ROOM देखाउनु अमेरिकी सांस्कृतिक संस्कार बनेको छ । देखी, भोगी सिकेका यी दृष्टान्त मेरा । अनुभूति उपहार पाठकवृन्दमा ! आत्मविश्लेषण गर्न थालें । मनलाई सम्बोधन गरेँ। सम्पन्नताले सिर्जेको त्यो बेहोरा उदार संस्कार थियो । देखाउन लायक आफ्ना आर्जन अतिथिलाई देखाउनु के हुन सक्ला ? हाम्रा 'अतिथि देवो भव:' पाहुना देवता हुन्। धारणाको त्यो मूर्त रूप यी अमेरिकी संस्कृतिको झलक झिल्का। विवेचना र विश्लेषण गर्नु पर्दो रैछ रस निचरिँदो छ। सम्पन्नताले उदार बन्न सिकाउँछ। भनूँ भनूँ लाग्छ ....कि उदारता सम्पन्नताले कोरलेको चरी । किन नभनूँ यसो पनि कि सम्पन्नता उदारताको माउ। सम्पन्न देशले दिने अनुदान सहायता यस्तै उदारताको संज्ञा त होऊन् !

सम्पन्नतालें उदारताको घेरा नाघ्दो रैछ। विकल्प र छनौट त सम्पन्न अवस्थामा सदाबहार बन्दो रैछ। सहकर्मी साथीका घरमा पसेर सिकेको सिकलाई यो । उनका आमा बुबाले सोध्थे । के लिनु हुन्छ? हामीसित कोक छ! स्प्राइट छ। फैन्टा छ। छान्ने प्रक्रियामा रुचिगत स्वतन्त्रता पिइन्छ । रुचिगत स्वतन्त्रता भोग्न सम्पन्नताले उब्जाएको विकल्प चाहिँदो रहेछ। एउटै सडक भएको ठाउँमा अर्को बाटो कहाँ रोज्ने ? यति सानु सन्दर्भभित्र कत्रो प्रजातान्त्रिक मर्म ! त्यस्तो पुँजीगत अर्थतन्त्र। मनोगत विश्लेषण मात्र यो। मनोगतै प्रभाव। मनदेखि रहन्छ नै के र?

कुरोकै कुरोमा भित्री चुरो फेला पर्दो रैछ। डाक्टर रोजले मन खोले। भन्न थाले: “तेजेश्वर, मैले तलेजुको मूल चोक, कुमारी चोक, भैरव चोक सबै देखेको छु।” “कसरी?” सोधेथेँ। पुरा नेपाली पहिरन लगाएँ। मयलपोस सुरुवाल। कोट, वेस्टकोट। अनि कारचोपी टोपी। घुङ्ग्रिएको मेरो जुँगा। पुरापुर नेपाली म। छद्म वेशभूषाको करामत। पहिरनले प्रवेशपत्रको रूप धारण गरेछ। “हिन्दुहरूको लागि मात्र।” निशेधाज्ञालाई मेरै राष्ट्रिय पहिरन र पोसाकले पारपाचुके लगाइदिए। अवाक् रहेँ म। बोल हरायो मेरो। बिस्तारै प्रवेश पहिरनमा उभिएको निर्जीव फोटो जाज्वल्यमान सजीव पाएँ। घटनाले पारेको फुल घटनैले कोरलेको कथा प्रसङ्ग यो। आफ्नै अनुभूतिको सहानुभूतिपूर्ण चल्लो! चल्लो थियो; लियो रोजसित लियो। राशिफलमा ‘लियो’ सिंह बन्छ- Leo.

लियो रोजको त्यो नेपाली पोज सानदार थियो। टाइसुटले पहिरिएको लवेदासुरुवाल। कारचोपी टोपी। घुङ्ग्रिएको जुँगा, अनुहार त पुरेत बाजेको गुरु अवतार। ब्राह्मण बन्न आचमन गरिरहनु पर्दो रैनछ। न्यास, ध्यान गर्नु नि पर्दो रैनछ। अलिकति ढाँटढुँट ज्ञान। तिनकै आडको सान। तिनै सानमाथि गुणगान। नेपाली चिनजान-पहिचान- नाक-कान। चरित्र निर्माण अत्यन्त महान्! रोजले बोलाएर पुगेको दक्षिणकालीमय बर्कले धाम। शान्त थियो। चुपचाप चुपचाप। टहटह लागेको जुनेली सौम्य स्थान। लियो रोज क्यालिफोर्निया विश्वविद्यालयको बर्कले खण्डका राजनैतिक शास्त्रका प्राध्यापक। सायद राजनीति शास्त्र विधाका विभागीय प्रमुख। नेपालमा राजनैतिक


अनुशीलन (Democratic Innovation in Nepal), जीवन्तताका रणनीति (Stratzy for Survival), नेपाल- एक पार्श्वचित्र (Nepal a Poofile) आदि ग्रन्थका सर्जक डाक्टर लियो रोज (Leo Rose) सिंहराशि गुलाब। उनकै घरमा जनरल मृगेन्द्रशमशेरको जङ्गबहादुर राणसितको भेटवार्ता अनि सौहार्दताका देन बनेको यो बिचरो तेजेश्वरको मनोगत कुरो। तपाईंले अब बर्कलेको दक्षिणकाली घर मात्र फोटोमा देख्नुहुँदो हो। आगोले डढाएको खरानी पनि सायद नहुन सक्छ अब। सिंहराशि गुलाबझैं सानदार लियो रोज पनि हरफहरूमा मात्र पढ्न सकिनेछन्। दिहिक सान, मान सबै अवसान भइसकेछ। साझा कर्म भोग सबै सबैको !

*(पृष्ठ २ को बाँकी)*

धेरै माथि पुगिसकेका देखिन्छन् । त्यसो भए यो रक्षमाला लगाउने बच्चा उनका नाति या नातिनी कोही हुनुपर्छ । त्यस्ता नाति नातिना ३ जना हुनसक्छन्– शङ्करशमशेरकी छोरी (प्रभा), छोरा श्रीधर या विष्णुशमशेरका छोरा पीताम्बर । तर पीताम्बरशमशेर बेलाइतमा जन्मेका र उनै बेलाइती परिवेशमा हुर्केका हुँदा शङ्करशमशेरकै छोरी या छोराका लागि यो बनाइएको थियो कि भन्नुपर्ने हुन्छ। तर हामीसँग त्यसका निम्ति पनि पर्याप्त प्रमाण छैनन् । यसमा परेको "माहिला गुरुज्यू रक्षमाला" भन्ने नामले यो रक्षमाला बनाउनुभन्दा पहिले नै माहिला गुरुज्यू हेमराज पाण्डेका छोरा पण्डित (केशरीराज) का लागि एउटा रक्षमाला बनाइसकेको सङ्केत मिल्छ । माहिला गुरुज्यूको दोस्रो विवाहमा महारानी बालकुमारीदेवी संलग्न भएको हिसाबले (सन्दर्भ 'खोक्रो कल्ली') केशरीराजका लागि एउटा रक्षमाला बनेर जानु स्वाभाविक नै लाग्छ। त्यसो भएपछि यो रक्षमाला चाहिँ १९८४ सालपछि जन्मेकाका लागि बनेको थियो भन्ने पक्का हुन्छ। त्यताबाट विचार गर्दा समेत शङ्करशमशेरका दुई सन्तानमध्ये एकका लागि महारानीले यो रक्षमाला बनाउन लगाइछन् भनुपर्ने छ अर्को सम्भावना देखिँदैन। त्यसको प्रमाणलाई यसै कागजमा परेको अर्को नाम 'सानुकान्छा रानी'लाई अघि सार्नुपर्ने छ। त्यो भनेको महारानीकी सानी कान्छी बुहारी अर्थात् जर्नेल शङ्करशमशेरकी पत्नी । उनका लागि बनाइएको एकजोर 'क्लिप'मा जड्न पनि महारानीले किनिराखेको पोल्की हिरा मध्येबाट नै प्रयोग भएको छ। यी सब कुरा एउटा अडकल या अनुमान हुन्। यसमा मीनमेख गर्नु यस 'पाना'को काम होइन । यो पानाले चिनाउने काममात्र गर्छ छलफल गर्दैन । हामीले यस कागजमा देखेको उल्लेख्य कुरा उठाइदिने सम्म मात्र काम गऱ्यौ । जस्तो यो रक्षमाला कति किम्ती (बहुमूल्य) बनाइएको छ भने यसको पुरा लागत भारु ३३५८ जति र नेरु ५०३।२५ अर्थात् त्यसबेलाको भाउमा पाँच हजार रुपियाँको भयो । यो त त्यसमा लागेको सुन, हिरा र जवाहरातको मात्र मोल भयो, त्यसमा लाग्ने अरू वस्तु बाघको नङ बँदेलको दाह्रा, गर्भे मृगको खुर या गैँडाको खाग, हात्तीको दाँतको त हिसाबै गरेको छैन । सन् १९२५ तिरको पाँच हजार भनेको ऐलेको भाउले कति होला ? कल्पना गर्न सकिन्छ, जब त्यस

बेला सुन तोलाको २८ रुपियाँ र हिरा रतीको ६० रुपियाँ जति परेको यहाँ लेखिएको छ। अब हामी यसबारेमा बढी चर्चा नगरी यो लेखोट नै पुरा पढूँ र आफ्नोआफ्नो हिसाबले यसको मूल्याङ्कन गरौँ। तर जाँदाजाँदै यस कागजमा परेको अर्को एउटा नामबारे खुलासा गरूँ। माथि भनिएको 'सानुकांछा रानी' चन्द्रशमशेरका सानो कान्छा छोरा शङ्करशमशेरकी पत्नी (ऐले हामीले चिनेका पूर्व मन्त्री, सहायक रथी श्रीधरशमशेरकी माता) हुन्।

त्यो लेखोटको पूर्ण विवरण (सम्पादकको हस्ताक्षरमा सारिएको) यस्तो छ–


"(इस्माला वगाउदा को लम्बी
भित्रबाट वरमेको
नौरत्न जोर १ के केरु — ११२५
हीरा दाना १०८ के केरु — ११२३१-२
फोलकी हीरा दाना ८७को रति १८॥≡
के दर ६०ले — ११२३=
हीरा दाना १४७को रति १३के दर
६१ मध्ये माहिला गुरुज्यू रत्नमा
ला। मा. जडीयोको दाना ४८को र
ति ५।१२ सानुकांछा रानीलाई बक्स
न बगाराखेको। फीप जोर १मा दा
ना ७२को रति ५।१६ पुराना रत्नमा
ला मा गर्भ मुगा थुर, नभएको थपेको
मा जडेको दाना ६ बाकी हीरा दाना
४१को रति ९।४के दर ६१ले — ७३≡२
सुन तोला १६।को दर भरी१के
२७।१३।३ले मोहरु ४४७
नपुग्दा. हाल खरीद भयाको
सुन तोला २के भरी १के २५।१२।२ले मोहरु — ५६।२५
हीरा दाना १३२के केरु — १०३६।॥
हीरा दाना ११०को रति २१।२के दर ४२ले ८६४॥।
दे. दाना २२को रति ४।६ के दर ४०ले १७२

| मदफ | कंपाले | मोहरु |
|---|---|---|
| भित्रबाट वरमेको माल को मोल | २३२१।२- | ७४७ |
| हाल खरीद भयाको | १०३६।॥ | ५६।२५ |
| | ३३५७॥-॥२ | ५०३।२५ |

– क.दी.

## सम्पादकीय

### यो अङ्क

यस अङ्कका बारेमा भन्नुपर्ने केही कुरा छन्। पैलो त के भने यसमा कवि, नाटककार तथा स्वनामधन्य व्यक्तित्व बालकृष्ण समको हस्ताक्षर पस्केको छ 'नेपाली' ले । सोझै हेर्दा कुनै अर्थ नभएका अनर्गल कुराहरू त्यसै कोरेजस्तो लाग्ने कुरा 'नेपाली' ले किन यति सम्मानसाथ दियो भनेर पढ्नेहरूलाई खुलदुल पनि लाग्ला। त्यसको जवाफमा के भन्नुपर्छ भने ती कोराइहरू विना अर्थका, व्यर्थका, छैनन्, सार्थक छन् । समजी आफ्ना लेख-रचना तथा नाटकहरू लेख्दा कसरी तयारी गर्थे, कति शोधखोज गर्थे भन्ने स्पस्ट्याउँछन् ती 'अर्थ न बर्थ' का शब्द र बुट्टाहरूले। पछिका शोधार्थीहरूलाई यी दुई-चार पृष्ठले ठुलो खुराक पुऱ्याउन सक्नेछन् भन्ने हाम्रो पवित्र उद्देश्य हो।

अर्को, भरतमणिको 'चन्द्रभक्ति'। काशीनाथ आ.दी. (माहिला पण्डितका) माहिला छोरा, बाबुजस्तै दरबारिया थिए, 'हजुरिया' थिए। उनले उहिले देखे बुझेका कुरा अब ऐतिहासिक भैसके । सोही अर्थमा, बाबुको बिँडो थामी, उनले लेखेको आत्मकथाको 'एउटा अंश' जस्तो यो लेखौट त्यसै अर्थमा पनि ऐतिहासिक भएको छ भन्ने हाम्रो धारणा छ।

यसपटकको मपुपुको पाना पनि अलि नौलो पाराले देखा परेको छ। खास अभिलेखको होइन, त्यसको सारेको हस्ताक्षर दिएको छ 'नेपाली' ले । त्यो हस्ताक्षरको यहाँ कुनै महत्त्व छैन, त्यसलाई कम्प्युटर टाइप गरी दिन सकिन्थ्यो। तर नयाँ स्वादका लागि एउटा हस्ताक्षरमा दिइयो। त्यत्ति हो।

## मदन पुरस्कार गुठी

'नेपाली' मदन पुरस्कार गुठीको 'मुखपत्र' हो । तर यसले गुठीका बारेमा सारै कम बोल्छ। त्यसो किन भयो भनेर घोत्लिँदा के देखिन्छ भने गुठीका कार्यकलाप (महत्त्वपूर्ण हुँदाहुँदै पनि) एक-दुईओटा भन्दा धेरै हुँदैनन् । उही पुरस्कारको घोषणा हुने, बेला या पुरस्कार वितरण हुने बेलाको समाचार र विवरण सम्प्रेषण गरेपछि उसको काम सकिन्छ। अनि थपमा गुठीले छानेर कलकत्तामा डाक्टरी पढ्न पठाउने विद्यार्थीको नाम प्रकाशित गर्छ यसले वर्षको एकपटक। त्यत्ति हो। त्यसै हुँदा गत केही वर्षदेखि ती विद्यार्थीहरूले लिखित परीक्षामा लेखेका निबन्ध केही उत्कृष्टहरू छानेर पनि यसमा दिने गरिएको छ। त्यत्ति हो । त्यसभन्दा बढी 'नेपाली' ले गुठीको अरू कुनै प्रकारको चर्चा गर्दैन, यी नेपाली निबन्धहरू नै छापेर 'मुखपत्र' भैरहेको छ । छपाइको खर्च अत्यधिक बढेकाले 'नेपाली' लाई धेरै मोटो बनाई निकाल्न सकिँदैन । उही 'धान्ने' काम मात्र गरिरहेको छ 'नेपाली' ।

## मपुपु

गुठीको भगिनी संस्था मदन पुरस्कार पुस्तकालयमा (श्री ५ को सरकार अथवा) नेपाल सरकारका कुनै पदाधिकारीहरूले पाइलो टेकेका थिएनन् । तर, यही चैत महिनाको अन्त्यतिर पहिलो पटक शिक्षा मन्त्रालयका सचिव श्री शङ्कर पाण्डे र त्यस मन्त्रालयका अरू दुई जना वरिष्ठ पदाधिकारीहरूको एउटा टोली आएर पुस्तकालयको (साइबर सेक्सनको) 'डिजिटाइजेसन' कार्यको निरीक्षण-अवलोकन गऱ्यो। उहाँहरू पुस्तकालयका यी कार्यबाट प्रभावित भएर गएको बुझिन्छ । सचिवजीले शिक्षा मन्त्रालयले पुस्तकालयलाई अब नियमित रूपमा केही आर्थिक अनुदान दिने आश्वासन पनि दिएको छ भन्ने बुझ्दा गुठीलाई पनि आनन्द लागेको छ ।

